# आन्तरिक बसाइसराई र उद्यमशिलता विकासः विरेन्द्रनगर नगरपालिका सुर्खेतको एक अध्ययन

त्रिभुवन विश्वविद्यालय अर्न्तगत समाजशास्त्र विषयको स्नातकोत्तर तहको उपाधि प्राप्तिको आंशिक आवश्यकता परिपूर्तिका लागि प्रस्तुत शोधपत्र

प्रस्तुतकर्ता

संगिता आचार्य

परिक्षा रोल नं : २८३२२३

रजिष्ट्रेसन नं : ६-२-२४०-८२-२०१४

त्रिभुवन विश्वविद्यालय

समाजशास्त्र केन्द्रीय विभाग

कीर्तिपुर, काठमाडौँ

२०८०

# घोषणा

प्रस्तुत **आन्तरिक बसाइसराई र उद्यमशिलता विकासः विरेन्द्रनगर नगरपालिका सुर्खेतको एक अध्ययन** विषयको शोधपत्र अन्य कुनै उपाधि वा प्रयोजनका लागि प्रस्तुत गरिएको छैन । यो शोधपत्र मेरो आफ्नै मौलिक अनुसन्धान हो । यसमा प्रस्तुत गरिएका विषयवस्तु विगतमा पूरा भई बुझाइएका अनुसन्धान प्रतिवेदन भन्दा फरक छन् । अन्य स्रोतबाट लिइएका र सारसंक्षेपीकरण गरिएका सामग्रीहरु सन्दर्भसूचीमा उल्लेख गरिएको छ ।

मिति :

.......................................

**संगिता आचार्य**

**त्रिभुवन विश्वविद्यालय**
**मानविकी तथा समाजशास्त्र संकाय**
**समाजशास्त्र केन्द्रिय विभाग**
**कीर्तिपुर, काठमाडौं**

## सिफारिस - पत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा समाजशास्त्र संकायको समाजशास्त्र केन्द्रिय विभाग अर्न्तगत समाजशास्त्र बिषयको स्नातकोत्तर तह पुरा गर्ने प्रयोजनका लागि मेरो निर्देशन र परिक्षणमा संगिता आचार्यले **आन्तरिक बसाइसराई र उद्यमशिलता विकासः विरेन्द्रनगर नगरपालिका सुर्खेतको एक अध्ययन** विषयक शोधपत्र तयार गर्नु भएको हो । त्यसैले म उहाँको कार्यप्रति सन्तुष्ट छु र आवश्यक मुल्याङ्कनका लागि सिफारिस गर्दछु ।

मिति :      /   /

.................................
डा. दिपेश घिमिरे
(शोधनिर्देशक)
समाजशास्त्र केन्द्रिय विभाग
त्रिभुवन विश्वविद्यालय
कीर्तिपुर, काठमाण्डौं ।

**त्रिभुवन विश्वविद्यालय**

**मानविकी तथा समाजशास्त्र संकाय**

**समाजशास्त्र केन्द्रिय विभाग**

**कीर्तिपुर, काठमाडौं**

## स्वीकृति - पत्र

समाजशास्त्र विषयको स्नातकोत्तर तह पुरा गर्नको लागि छात्रा संगिता आचार्यले **आन्तरिक बसाइसराई र उद्यमशिलता विकासः विरेन्द्रनगर नगरपालिका सुर्खेतको एक अध्ययन** विषयमा शोधपत्र मेरो निर्देशन र सुपरिवेक्षकमा सम्पन्न पार्नु भएकोमा यो शोधपत्रलाई स्वीकृत गरिएको छ ।

**शोधपत्र मूल्याङ्कन समिति**

_______________

विभागीय प्रमुख

सह-प्रा. डा. युवराज लुइटेल

_______________

शोधनिर्देशक

डा. दिपेश घिमिरे

_______________

बाह्य निरीक्षक

प्रेम बहादुर चलाउने

मिति : .........................

# कृतज्ञता ज्ञापन

प्रस्तुत शोधपत्र त्रिभुवन विश्वविद्यालय, समाजशास्त्र संकाय/केन्द्रीय विभाग कीर्तिपुर अन्तर्गत समाजशास्त्र विभागको स्नातकोत्तर तहको आंशिक आवश्यकता पुरा गर्नको लागि तयार पारिएको हो ।

सर्वप्रथम त्रिभुवन विश्वविद्यालय मानविकी तथा समाजशास्त्र संकाय अन्तर्गत स्नातकोत्तर तहको उपाधि प्राप्त गर्नको लागि **आन्तरिक बसाइसराई र उद्यमशिलता विकासः विरेन्द्रनगर नगरपालिका सुर्खेतको एक अध्ययन** शिर्षकमा तयार पारिएको प्रस्तुत शोधपत्रका लागि अमूल्य समय प्रदान गरी उचित निर्देशन, सल्लाह, सुझाव एंव प्रतिकृया दिई यस शोधकार्यलाई उचित मार्ग निर्देशन गर्नुहुने शोध निर्देशक आदणीय गुरुवर डा. दिपेश घिमिरे प्रति कृतज्ञता ज्ञापन गर्दछु र म उहाँको यो सहयोग प्रति सदैव ऋणी छु ।

मेरो शोधकार्यमा आवश्यक सल्लाह र सुझाव प्रदान गर्नु हुने यस समाजशास्त्र केन्द्रीय विभागका विभागिय प्रमुख, आदरणीय गुरु प्रा.डा. युवराज लुइटेल ज्यू र बाह्य निरीक्षक, आदरणीय गुरु प्रेम बहादुर चलाउने तथा समाजशास्त्र केन्द्रीय विभागका सम्पूर्ण आदरणीय गुरुजनहरु प्रति हार्दिक कृतज्ञता प्रकट गर्दछु ।

यस अध्ययन संग सम्बन्धित प्रश्नावलीमा आफ्नो अमूल्य समय दिई प्रतिक्रिया दिनुहुने विरेन्द्रनगर न.पा. १, सुर्खेतका सम्पुर्ण उत्तरदाताहरुलाई धन्यवाद दिन चाहन्छु ।

यसरी नै व्यवहारिक समस्यासंग संघर्ष गर्दै आफ्नो अमूल्य श्रम र पसिना खर्चेर मेरो अध्ययनलाई उच्चशिक्षामा पाइला टेकाई हौसला र प्रेरणाका साथ विश्वविद्यालय शिक्षासम्म पुऱ्याउन सफल हुनुहुने स्व. बुबा चन्द्र प्रसाद आचार्य, आमा हरिकला आचार्य, श्रीमान् नेत्र काफ्ले र छोरी कृतज्ञा काफ्ले प्रति हृदयदेखि नै खुसी व्यक्त गर्दछु ।

अन्त्यमा विभिन्न पक्षबाट सहयोग पुऱ्याउनु हुने मेरा सम्पुर्ण परिवारका सदस्यहरु, ईष्टमित्र, नातेदारहरु र मेरा शुभ चिन्तकहरुलाई हार्दिक आभार प्रकट गर्दै मेरा सहपाठी साथीभाई प्रति धन्यवाद ज्ञापन गर्दछु ।

संगिता आचार्य

# विषय सूची


| पृष्ठ सं. | |
|---|---|
| **घोषणा** | **क** |
| **सिफारिस - पत्र** | **ख** |
| **स्वीकृति - पत्र** | **ग** |
| **कृतज्ञता ज्ञापन** | **घ** |
| **विषय सूची** | **ङ** |
| **तालिका सूचि** | **ज** |
| **संक्षिप्त शब्दावली सूचि** | **झ** |
| **अध्याय एक : परिचय** | **१** |
| १.१ अध्ययनको पृष्ठभूमि | २ |
| १.२ समस्याको कथन | ५ |
| १.३ अध्ययनको उद्देश्य | ६ |
| १.४ अध्ययनको औचित्य | ६ |
| १.५ अध्ययनको संगठनात्मक स्वरुप | ७ |
| **अध्याय दुई : सम्बन्धित साहित्यको पुनरावलोकन** | **९** |
| २.१ बसाइसराइ तथा उद्यमशिलतासंग सम्बन्धित साहित्यको पुनरावलोकन | ९ |
| २.१.१ परिचय (उद्यमशिलता) | १० |
| २.१.२ नेपालमा उद्यमशिलता | ११ |
| २.२ बसाइसराइ सम्बन्धि अवधारणाहरू | १२ |
| २.३ बसाइसराइ र उद्यमशिलताको इतिहास | १३ |
| २.३.१. बसाइसराइको इतिहास | १३ |
| २.३.२ उद्यमशिलताको इतिहास | १४ |
| २.२.३ उद्यमशिलता विकास | १५ |
| **अध्याय तिन : अनुसन्धान विधि** | **१८** |
| ३.१ स्थलगत छनोटको औचित्य | १८ |
| ३.२ अनुसन्धानको ढांचा | १९ |

३.३ प्राथमिक तथ्याङकका स्रोतहरू २०

३.४ समग्रताको नमुना छनोट २०

३.५ तथ्याङ्क सङकलनको विधि २२

३.५.१ अन्तर्वार्ता २२

३.५.३ समुह केद्रित छलफल २३

३.५.४ घटना अध्ययन २४

३.६ तथ्यांक विश्लेषण २४

३.७ अध्ययनको सीमा २४

**अध्याय चार : सामाजिक पृष्ठभुमि, वसाइसराइका कारण र यसले उद्यमशिलतामा पारेको प्रभाव** **२६**

४.१ बसाइसरी आएका उद्यम व्यवसायीहरुको सामाजिक पृष्ठभुमि २६

४.१.१ उमेर र लिङ्गको आधारमा उत्तरदाताको वितरण २६

४.१.२ जातजाती र पेशाका आधारमा उत्तरदाताको विवरण २८

४.१.३ पेशा र शिक्षाको आधारमा उत्तरदातको विवरण : २९

४.१.४ धर्म र जातजातीका आधारमा उत्तरदाताको विवरण ३१

४.२ बसाइसराइका कारण ३२

४.२.१ बसाइसराइ गर्न बाध्य गराउने विकर्षण तत्वहरु ३२

४.२.२ बसाइसराइ गर्न प्रेरित गर्ने आर्कषक तत्वहरु ३६

४.२.३ बसाइसराइ र उद्यम सुरु गर्ने प्रकृयामा निर्णयकर्ता ३९

**अध्याय पाँच : बसाइसराइले उद्यमशिलतामा पारेको प्रभाव** **४३**

५.१ मूख्य आम्दानीको स्रोत ४४

५.१.१ उत्तरदाताको पूर्व आम्दानीको स्रोत ४४

५.१.२ बसाइसराइपछि उत्तरदाताको मूख्य आम्दानीको स्रोत ४५

५.२ आम्दानीको अवस्था ४६

५.३ आम्दानी र खर्चको अवस्था ४७

५.४ उद्यम व्यवसायको अवस्था ४९

५.५ विभिन्न जिल्लाहरुबाट बसाइसराइगरी आएका उद्यमीहरुको विवरण ५०

५.६ भौतिक सुविधा ५१

५.६ उद्यमशिलतालाई प्रभाव पार्ने तत्वहरु ५३
**अध्याय छ : सारांश र निष्कर्ष** **५४**
५.१ सारांशं ५४
५.२ निष्कर्ष ५४
**सन्दर्भसुची**
**अनुसूची**

# तालिका सूचि

**पृष्ठ सङ्ख्या**


| | |
|---|---|
| तालिका १ : उमेर र लिङ्गको आधारमा उत्तरदाताको वितरण | २७ |
| तालिका २ : जातजाती र पेशाको आधारमा उत्तरदाताको वितरण | २९ |
| तालिका ३ : पेशा र शिक्षाको आधारमा उत्तरदाताको वितरण | ३० |
| तालिका ४ : धर्म र जातजातीको आधारमा उत्तरदाताको वितरण | ३२ |
| तालिका ५ : बसाइसराइ गर्न बाध्य गर्ने (बिकर्षक) तत्वहरु | ३३ |
| तालिका ६ : बसाइसराइ गर्न प्रेरित गर्ने (आकर्षक) तत्वहरु | ३७ |
| तालिका ७ : बसाइसराइ गर्ने प्रकृयामा निर्णयकर्ता | ४० |
| तालिका ८ : उत्तरदाताको बसाइसराइ पूर्व आम्दानीको स्रोत | ४५ |
| तालिका ९ : बसाइसराइपछि उत्तरदाताको मूख्य आम्दानीको स्रोत | ४६ |
| तालिका १० : उत्तरदाताको मासिक आम्दानीको अवस्था | ४७ |
| तालिका ११ : बसाइसराइ गरेर आएका उद्यमीहरुको आम्दानीको अवस्था | ४८ |
| तालिका १२ : उत्तरदाताको उद्यम व्यवसायको अवस्था | ४९ |
| तालिका १३ : विभिन्न जिल्लाहरुबाट बसाइसराइगरी आएका उद्यमीहरुको विवरण | ५० |
| तालिका १४ : उत्तरदाताको भौतिक सुविधाको अवस्था | ५२ |
| तालिका १५ : उद्यमशिलतालाई प्रभाव पार्ने तत्वहरु | ५३ |

# संक्षिप्त शब्दावली सूचि

| | | |
|---|---|---|
| के.त.वि. | – | केन्द्रिय तथ्याङ्क विभाग |
| वि.सं. | – | विक्रम संवत |
| प्रा.वि. | – | प्राथमीक विद्यालय |
| नि.मा.वि. | – | निम्न माध्यमिक विद्यालय |
| मा.वि. | – | माध्यमिक विद्यालय |
| नि. | – | निरक्षर |
| सा. | – | साक्षर |
| गा.पा. | – | गाउँपालीका |
| न.पा. | – | नगरपालीका |
| त्रि.वि. | – | त्रिभुवन विश्वविद्यालय |

# अध्याय एक

# परिचय

एक ठाउँ (उद्गम स्थल) बाट अर्को ठाउँ (गन्तव्य स्थल) मा स्थाइ वा अस्थाइरूपमा बसोबास गर्ने प्रकृयालाई बसाइसराइ भनिन्छ । यो एक सामाजिक प्रकृया हो । यसको सुरुवात मानव जातीको अस्तित्वमा आएदेखीनै भएको पाइन्छ । हामी यहां मानविय बसाइसराईको कुरा गर्दछौं । एक ठाउंबाट अर्को ठाउंमा हुने मानिसहरूको भौगोलिक चाल नै बसाइसराई हो । यतिमात्र नभईनिश्चित समय अवधिमा, निश्चित भौगोलिक वा राजनितिक एकाइबाट अर्को भौगोलिक वा राजनितिक एकाइमा बासस्थान परिवर्तन गरेर हुने मानिसहरूको भौगोलिक चाललाई बसाइसराइ भनिन्छ यसकारण निशिचित समय अवधि, निश्चित भौगोलिक दुरी र वासस्थान परिवर्तन बसाईसराइका आवश्यक पक्षहरू हुन् ।

बसाइसराई हुन कुनै व्यक्ति वा परिवार आ\ुनो जन्मस्थान छोडेर कम्तीमा अर्को ठाउंमा ६ महिना बसोबास गरेको हुनुपर्दछ । बसाइसराइ भनेको मानिसहरू नया क्षेत्र वा देशबाट काम वा नयां जीवनस्तर प्राप्त गर्नका लागी गरिने गतिशिलता हो । कुनै पनि व्यक्ति जन्मेको स्थानबाट अर्को स्थानमा जाने प्रकृयालाई बसाईसराई भनिन्छ । मौसमी रूपमा, स्थायी रूपमा, अर्धस्थायी रूपमा, अीथायी रूपमा मानिसले बसाइसराई गर्दछन् । बसोबास गरेको क्षेत्रको असुविधाका कारण बसाइसराइ गर्दछन् । रेविष्टाइनले आफ्ना सिद्धान्तहरुमा विशेष गरि आन्तरिक बसाइसराईलाई महत्व दिएका छन् । जब मानिस बसाई सर्छ त्यहाँ उसको एउटा उद्देश्य हुन्छ, त्यो उद्देश्य आर्थिक, सामाजिक, साँस्कृतिक वा बैवाहिक जुनसुकै प्रकारको हुनसक्छ । मानिसहरु आफ्ना आफन्त, साथीभाई भएको वा आफुले चिनेजानेको क्षेत्रमै बसाई सर्दछन् । ताकी भोली उक्त स्थानमा उनीहरुलाई जीवनयापन गर्न सहज होस् । यस अनुसन्धानमा पनि सुर्खेत जिल्ला भित्र र जिल्ला बाहिरका विभिन्न स्थानहरुबाट यस क्षेत्रमा बसाइसराई गरि आएका मानिसहरु आर्थिक, सामाजिक र साँस्कृतिक उद्देश्यका साथ बसाइसराईगरि आएको पाइएको छ (Ravenstien Law of Migration, 1885)।

बसाइसराइ एक भौगोलिक क्षेत्रबाट अर्कोबसोबास युक्त क्षेत्रमा जाने प्रकृया हो । सन् २०११ को जनगणना अनुसार हिमाल र पहाडबाट तराईमा कृषीका कारण बसाई सरेको देखिन्छ । त्यस समय हिमाल पहाड र तराईका बीच व्यापारको लागी पनि अस्थायी बसाइसराई हुने

गर्दथ्यो । डोल्पाको हिमाली क्षेत्र ताराङपुरका मगरहरूले व्यापारका शिलशिलामा मौसमी बसाइसराई गर्ने गरेका छन् । उनीहरू कोदो, फापर र जौ तिब्बततर्फ लैजाने र पहाडी भेगतर्फ नुन लगेर चामलसँग साट्ने गरेका छन् । उनिहरूको मुख्य उद्देश्य आर्थिक उपार्जन गर्नु हो । तर हाल बसाइसराई रोजगारी, स्वास्थ्यको सुविधा, यातायात, भौतिक सुख सुविधा र शिक्षा प्राप्ती गर्नका लागी हुने गरेको देखिन्छ । पश्चिम तराइमा राजमार्गको निर्माण भएपछि पहाडी क्षेत्रबाट व्यापार व्यवसाय गर्ने उद्देश्यले, रोजगारीका लागी, खेतियोग्य जमिन भएकाले खेतिबाट आम्दानी गर्न पश्चिम तराइमा मानिसहरू बसोबास गर्न थालेका छन् (फिसर, १९९८) ।

बसाइसराईलाई मुलतः आन्तरिक र बाह्य वा अन्तराष्ट्रिय गरि दुई भागमा विभाजन गरिएको छ । अन्तराष्ट्रिय बसाइसराइले अन्य देशहरू वा राष्ट्रिय सीमाभन्दा बाहिर गरिने निवासको व्यवस्था वा गतिशिलतालाई बुझाउँछ । अन्तराष्ट्रिय बसाइसराइलाई पनि दुई भागमा बाडिएको छ, उत्प्रवास र आप्रवास । कुनै एक निश्चित ठाउँबाट बाहिर बसाइ सरेर जाने प्रक्रियालाई उत्प्रवास भनिन्छ । बाहिरको कुनै ठाउँबाट उक्त क्षेत्रमा बसाइ सरेर आउने प्रक्तियालाई आप्रवास भनिन्छ । अन्तराष्ट्रिय बसाइसराइलाई दुई भागमा बाडिएको छ । ती हुन् स्वेच्छिक र बाध्यात्मक । स्वेच्छिक प्रवास वा प्रवासन भनेको त्यस्तो प्रक्रिया हो जहाँ व्यक्ति तथा परिवारका लागि रोजगारी प्राप्त गर्न, विवाह गरेर, शिक्षा प्राप्त गर्नका लागि, आर्थिक आवश्यकता पुरा गर्न बसाई सर्ने गर्दछन् । बाध्य प्रवास वा आप्रवासनमा व्यक्ति तथा परिवार बसाई सर्न बाध्य गराइन्छ । बसाई सर्नुको विकल्प हुदैन, यसलाई शक्तिको बसाइसराई पनि भनिन्छ (खतिवडा, २०१४) । आन्तरिक प्रवासले प्रदेश, शहर वा नगरपालिका भित्रको निवास वा बसोबासको गतिशिलतालाई जनाउँछ । अस्थाई प्रवासलाई विभाजन गरिएको छ । मौसमी, आवधिक र दैनिक । यी स्वेच्छिक बसाइसराइका प्रकार हुन् ।

## १.१ अध्ययनको पृष्ठभूमि

सुर्खेत जिल्ला पहिले (संघीयतामा जानुभन्दा पहिले) मध्यपश्चिमाञ्चल विकास क्षेत्रको क्षेत्रिय सदरमुकाम र अहिले संघिय प्रदेश अर्न्तगत प्रदेश नम्बर ६ कर्णाली प्रदेशको राजधानी हो । पहिले सुर्खेतको हालको विरेद्रनगरमा मलेरिया लाग्ने गर्दथ्यो यहि डरले यहां मानिसहरूबस्न डराउथे । राजा विरेन्द्रबाट उपत्यकामा मलेरिया उन्मुलन गराइएपछि विरेन्द्नगरको परिकल्पना गरिएको थियो । सुरुमा पन्त त्यसपछि थानी गिरी पुरी भारती र नेवारहरूको

बसोवास रहेको विरेन्द्रनगरमा खेतियोग्य जमिन प्रसस्तभएकाले विस्तारै कैलाली बर्दियाबाट थारुहरूवसाईसरी विरेन्द्रनगर आउन थाले त्यहाबाट सुरु भएको बसाइससराइले तब तिब्र गति लिन थाल्यो ।( विरेन्द्रनगर पहिचान )

पहिलेपहिले औलो लाग्ने डरले बस्न डराउने विरेन्द्रनगरमा हाल ९३ हजार ८ सय ९० जनाको स्थायी वसोबास रहेको छ (*राष्टिय जनगणना २०७८* ) । महेन्द्र राजमार्गमा जोडिएको विरेन्द्रनगरमा माओवादी द्वन्द्ध कालमा सुरक्षित स्थान खोज्दै आउने लहरले बिरेन्द्रनगरमा बसाइसरी आउनेहरूको सङख्यामा बाढी नै आएको थियो । सबैभन्दा धेरै विरेन्द्रनगरमा बसाइसरि आउने छिमेकी जिल्ला दैलेख हो त्यसपछि क्रमश कालिकोट जुम्ला जाजरकोट अछाम र सल्यानका मानिसहरूको बसोवास देख्न सकिन्छ । त्यसका साथै केहि मात्रामा बांके बर्दिया कैलाली र अन्य जिल्लाहरूका मानिसहरू बसाइसरि आएको  गर्दछन्।

विरेन्द्रनगरको हावापनी एकदमै विभिधता रहेको छ ।यही हावापानी र पुर्वाधारको विकासले अन्य स्थानका मानिसहरूलाई बसाइसर्नको लागि आकर्षित गर्दछ । शिक्षाको लागि मध्यपशिचम विश्वविद्यालय, सुर्खेत क्याम्पस शिक्षा,सुर्खेत बहुमुखी क्याम्पस र अन्य स्कुल र क्याम्पसहरू रहेकाछन् । स्वास्थ्यको लागि मध्यपशिचमाञ्चल क्षेत्रिय अस्पलाल,चारवटा नर्सिङहोम र थुप्रैमेडिकलहरू छन् भने यातायातको लागि विभिन्न जिल्लाहरू जोड्ने सडकमार्ग र हवाइमार्ग विधुत र सञ्चारको राम्रो सुविधाभएकैलेपनि विरेन्द्रनगरमा बसाइसरि आउनेको सङ्ख्या बढेको हो । (विरेन्द्रनगर पहिचान)

हाल कर्णाली प्रदेशको राजधानी भएसगैं यहां बसाइसरि आउनेहरूको संङ्ख्यामा एकदमै बृद्धि भइरहेको छ । बसाइसरि आउनेहरूमध्ये सबैभन्दा धेरै बालबच्चाको शिक्षको लागि आउनेहरू छन् भने त्यसयपछि रोजगार र अन्य पुर्वाधारको खोजिमा आउनेहरू देखिन्छन् । झुप्रा र भेरी नदिको संगमस्थल रहेको विरेन्द्रनगरमा खेतियोग्य जमिन पनि प्रसस्तै रहेको छ । कृषि पेशाकालागि पनि यहां बसाइसरि आउने प्रचलन देखिन्छ ।आन्तरिक बसाइसराइकै कारण अनेकन भाषा सस्कार र सस्कृति भएका मानिसहरू एकआपसमा मिलेर बसेका छन् ।

विरेन्द्रनगर नगरपालिकाभित्र भएको आगमन बसाइसराइ र यसबाट विरेन्द्रनगरलाई भएका फाइदा र बेफइदाको बारेमा उल्लेख गर्न खोजिएको छ । बसाइसराइका लागी विशेष गरी सामाजिक आर्थीक र शैक्षिक सुगमताले महत्वपुर्ण भुमिका खेल्दछ । मानिसहरू आफु बसेको

ठाउँमा आफ्ना आवश्यकता पुरा गर्न असमर्थ हुन्छन् र लामो वा छोटो समयका लागी बसाइ सर्दछन् । शहरमा उच्च शिक्षा हासिल गर्न,रोजगारीको सुविधा, कृषिमा उच्च उत्पादकत्व जस्ता सुविधाका कारण मानिस बसाइसराइ गर्दछन् । (-काफ्ले २०४६)

यस अध्ययनमा वि न पा को आर्थिक अवस्था र उद्यमशिलता संग सम्बन्धित विभिन्न पक्षहरुको बारेमा विश्लेषण तथा चर्चा गरिएको छ । जसमा उद्योगधन्दा, कलकारखाना, उद्यम व्यवसाय, रोजगारी लगाएतका आर्थिक संरचनाका पक्षहरुलाई समेटिएको छ । आर्थिक स्तर भन्नाले कुनैपनि क्षेत्रमा बसोबास गर्ने निवासीहरुको उत्पादनको स्तर, पेशा व्यवसायमा संलग्नताको अवस्था, तथा अन्य वित्तिय कारोबारहरुको एकीकृत रुपलाई बुझ्न सकिन्छ वा आफ्नो जिवनयापनको लागि गरिने उत्पादन वितरण तथा विनिमयसंग सम्बन्धित क्रियाकलापहरु हुन् ।

यस अध्ययनबाट विरेन्द्रनगर नगरपालिकामा बसाई सर्न आकर्षण र विकर्षण तत्वहरूले प्रभाव पारेको छ भनि देखाउन खोजिएको छ । आकर्षण तत्वहरूमा सहरी सुविधा, खेतियोग्य जमनि, व्यापारिक क्षेत्रको सुविधा, यातायातको सुविधा र स्वास्थ्यको सुविधा आदिका कारण मानिसहरू गाउँबाट सहरतर्फ बसाई सर्ने गरेको देखिन्छ ।

मानिसहरू ग्रामीण क्षेत्रबाट ग्रामीण क्षेत्रमा, ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा, शहरी क्षेत्रबाट ग्रामीण क्षेत्रमा, शहरी क्षेत्रबाट शहरी क्षेत्रमा रोजगारी र शिक्षको खोजी र अन्य विविध सुविधाको खोजीमा बसाइ सर्दछन् । यस अनुसन्धानको अध्ययन क्षेत्र शहरी क्षेत्र हो, यस क्षत्रमा ग्रामीण क्षेत्रबाट बसाइ सर्ने मानिसहरूको बसाइ सर्नुको कारण र प्रभावको अध्ययन गरिएको छ । नेपालमा आन्तरिक बसाइसराइ कारण कठिन जनजिवन,गरिबी, आयको असमान वितरण, बेरोजगारी, खाद्य असुरक्षाजस्ता कारणले भइरहेको छ (Sahin-Mencutek, Barthoma, Gökalp-Aras, & Triandafyllidou, 2022)।

विरेन्द्रनगर नगरपालिकामा उर्वर भुमी, सिँचाइको सुविधा, रोजगारी, आयस्रोत, यातायातको सुविधा, उद्योगधन्दा, व्यापार व्यवसायका लागी आकर्षक, सुरक्षित बसोवास, स्वास्थ्य सेवाको सुविधा र विद्युतको सुविधा जस्ता कारणले बसाइसराइ गर्नेहरूको संख्यामा वृद्धि भइरहेको छ (*विरेन्द्रनगर प्रतिवेदन २०७९)* । पछिल्लो दशकमा गाउँबाट शहरतर्फ बसाइसराइ गर्नेहरूको संख्या बढेको छ बढीजसो विकासशील देशका महानगरपालिका र ठुला शहरहरूमा भारी

मात्रामा मानिसहरू ग्रमीण क्षेत्रबाट बसाइ सरेर आउने गरेका छन् यसले सहरमा समस्या बढाउने देखिन्छ यसबाट हुने समस्या समाधान गर्न राष्ट्रिय रूपमा योजना ल्याउनु आवश्यक छ । (*के.सी १९८१*)

## १.२ समस्याको कथन

बसाइसराइ विश्वव्यापी रूपमा हुने घटना हो । मानिसहरू एक ठाउँबाट अर्को ठाउँमा विभिन्न समयमा नयाँ सुविधा प्राप्त गर्नका लागी बसाइसराइ गरिरहेका हुन्छन (*के.सी १९८१*)। यस अध्ययनमा विरेन्द्रनगर नगरपालिकामा बसाइसराइको कारणले विकासमा पारेको प्रभाव , नगरपलिकाको प्रत्येक वडामा सडक खानेपानी सञ्चार विधुत र इन्टरनेटको सुविधा को अवस्था , सोहि वडामा स्वास्थ्यकेन्द्र र प्रहरीचौकी अवस्था जस्ता पक्षहरूको पक्षहरुको खोजि गर्नु रहेको थियो ।

आगमन बसाइसराइ बढेकै कारण विरेन्द्रनगर नगरपालिकामा कस्ता समस्याहरू देखापरेका छन् । नगरपालिकाको जनसङ्ख्या बृद्धि भएसगैं यहांको प्रमुख समस्या के रहेको छ ? जनसङ्ख्या बृद्धिसगैं वनजङगल फडानी भएर यहांको वातावरण परेको प्रभाव जस्ता पक्षहरु पत्ता लगाउनु , अर्को सबैभन्दा ठुलो समस्या यहांको खेतियोग्य जमिनसबै सहरीकरण हुनुको कारण पत्ता लगाउनु रहेको छ । नगरपालिकाभित्र भएको हज्जारौं बिगाहा खेतियोग्य जमिनमा प्लटीङगरि त्यसमा सहरीकरण गर्नुको कारण जसले गर्दा कृषिमा यहांका जनताहरू अन्य ठाउँहरूसंग निर्भर हुनुपर्ने अवस्था थाह पाउनु त्यसकासाथै नगरपलिका भित्रको जमिनको भाउपनि आकाशिएको यि सबै समस्याहरूको प्रमुख कारण पत्ता लगाउनु यस शोधपत्र को समस्याको रुपमा रहेको थियो ।

यस अनुसन्धानको अध्ययन क्षेत्र शहरी क्षेत्र हो, यस क्षेत्रमा ग्रामीण क्षेत्रबाट बसाइसरेर आएका मानिसहरुको बसाइसराइ गर्नुको कारण र यस स्थानमा उद्यम सञ्चालन गरिरहेका व्यक्तिहरुलाई जोडेर आन्तरिक बसाइसराइले उद्यमशिलतामा कस्तो प्रभाव पारेको छ भनी हेरिएको छ ।

वीरेन्द्रनगर १ मा उद्योग धन्दा तथा व्यापार व्यवसायका लागी आकर्षक क्षेत्र,उर्वर भूमी, सिचाइको सुविधा, रोजगारी, सुरक्षित बसोबास आदी जस्ता पक्ष हरुको जानकारि लिनु यस

अध्याएनको समस्याको कथन रहेको छ । यसका अलावा हालसम्म आन्तरिक बसाइसराइ वा बसाइसराइसँग सम्बन्धित शोधपत्रहरु वा अध्ययन अनुसन्धान भएको यस क्षेत्रमा बसाइसराइले उद्यमशिलतामा पारेको प्रभाव तथा असरको बारेमा हालसम्म कुनै अध्ययन भएको छैन । तसर्थ पनि मैले आफ्नो अध्ययनमा यस क्षेत्र र यहाँ आन्तरिक बसाइसराइले उद्यमशिलतामा पारेको प्रभावको बारेमा अध्ययन गरेको छु ।

यस अनुसन्धानले निम्न प्रश्नहरूको उत्तर दिने काम गर्दछ।

**अनुसन्धानका प्रश्नहरू**

१. बसाईसराईले उद्यमशिलताको क्षेत्रमा कस्तो प्रभाव पार्दछ ?
२. उद्यमशिलताले व्यक्तिको आर्थिक जीवनमा के कस्तो प्रभाव पार्दछ ?
३. विरेन्द्रनगर नगरपालिकामा बसाइसराइ गरि आउनेको सङ्ख्या बढ्नुको कारण के हो ?

## १.३ अध्ययनको उद्देश्य

हरेक अनुसन्धानको एउटा छुट्टै उद्देश्य रहेको हुन्छ । यस अध्यन अनुसन्धानको मुख्य उद्देश्य विरेन्द्रनगर नगरपालिकाभित्र आगमन बसाइसराइले कसरी त्यो क्षेत्रको विकास तथा अन्य पक्षलाई समेटेको छ भन्ने कुराको जानकारी लिने यस अध्यनको उद्देश्य रहेको छ ।

३. बसाईसराईले उद्यमशिलताको क्षेत्रमा कस्तो प्रभाव पत्ता लगाउन।
४. उद्यमशिलताले व्यक्तिको आर्थिक जीवनमा के कस्तो प्रभाव पारेको छ भनि पत्ता लगाउन ।
५. विरेन्द्रनगर नगरपालिकामा बसाइसराइ गरि आउनेको सङ्ख्या बढ्नुको कारण पत्ता लगाउन ।

## १.४ अध्ययनको औचित्य

सुर्खेत जिल्ला र कर्णाली प्रदेशको राजधानी विरेन्दनगरमा विभिनन उद्देश्यका साथ बसाइसराइ गरी आउनेहरूको सङ्ख्या एकदमै बढी देखिन्छ । कुनैपनि अध्ययन अनुसन्धानको आआफ्नै तरिकाको औचित्य हुन्छ । विरेन्द्रनगर नगरपालिकाभित्र बसाइसराइले

ल्याएका परिवर्तनहरू केके छन् कुनकुन क्षेत्रमा छन् भन्ने कुराको जानकारी लिने यस अनुसन्धानको औचित्य रहेको छ ।

यो अध्ययन विरेन्द्रनगर नगरपालिकाभित्र गरिएको अनुसन्धानको प्रस्तावना हो । यस प्रस्तावनाले विरेन्द्रनगर नगरपालिकाको आगमन बसाइसराइले नगरपालिकाभित्र उद्यमशिलतामा पारेको प्रभावहरुले निम्त्याएका समस्याहरूको अध्ययन गरी ति समस्याहरू पत्ता लगाउनुनै यस अध्ययन अनुसन्धानको मुख्य औचित्य रहेको छ । यस समस्याहरूबारे बुझ्न मद्धत गर्दछ । नगरपालीकामा यस अध्ययन पश्चात विभिन्न स्थानबाट आएका उद्यमीहरुको सङ्ख्या कति छ ? कुनकुन जातजातीका मानिसहरु उद्यम व्यवसायमा संलग्न रहेका छन ? वडामा जम्माजम्मी कति जना मानिसहरु उद्यम व्यवसायमा संलग्न छन् ? मासिक आम्दानी कति छ ? र कस्ताकस्ता किसीमका भौतिक सुविधाहरु प्रयोग गरिरहेका छन् भन्ने कुरा प्रष्ट हुन्छ ।

विरेन्द्रनगर प्रदेश ६ कर्णाली प्रदेशको राजधानी हुनुकासाथै यहां शिक्षा स्वास्थ्य रोजगार विद्युत यातायात संचार तथा बजार जस्ता पुर्वाधारहरूको राम्रो पहुंच भएकाले यहां बसाइसरी आउने र उद्यमी बन्नेहरुकोसङ्ख्या बढ्नुको प्रमुखकारणहरू हुन् भन्नेबारेमा अध्ययन गरिएको यस प्रस्तावनाले विरेन्द्रनगर नगरपालिकाभित्र आगमनबसाइसराइले उद्यमशिलतामापारेको प्रभाव पत्ता लगाउन व्यवहारिक महत्व राख्ने छ ।

## १.५ अध्ययनको संगठनात्मक स्वरुप

प्रस्तुत शोधलाई जम्मा ६ अध्यायमा विभाजन गरिएको छ । जस अन्तर्गत अध्याय एकमा शोधपत्रको विषयवस्तुको सान्दर्भिकतालाई पृष्ठ दिने खालको, परिचय दिने किसिमले सन्दर्भबाट सुरुवात गरिएको छ । यसका साथै बसाइसराइ र उद्यमशिलताको परिभाषा, समस्या कथन,अध्ययनको उद्येश्य, अध्ययनको महत्व आदिको बारेमा उल्लेख गरिएको छ ।

अध्याय दुई, पुर्व साहित्यको अध्ययन गर्ने क्रममा बसाइसराइ र उद्यमशिलताका बारेमा लेखिएका लेख, रचना, पुस्तक, पत्रपत्रिका साथै सम्बन्धित विषयमा समाजशास्त्रीय मानवशास्त्रीय लगाएत अन्य व्यक्तिहरुले बसाइसराइ सम्बन्धि गरेका शोध अध्ययनलाई उल्लेख गरिएको छ । यसका साथै अवधारणागत खाका पनि उल्लेख गरिएको छ ।

अध्याय तीनमा अनुसन्धान पद्धति अन्तर्गत अध्ययनका लागि विरेन्द्रनगर नगरपालिकामा बसाइसराई गरि आएर उद्यम व्यवसाय गरिरहेका परिवारलाई सामान्य नमुना सर्वेक्षण विधिकम आधारमा छनौट गरिएको छ । यस अध्ययनमा अध्ययन क्षेत्रको अनुसन्धान ढाँचा, तथ्याङ्कको प्रकृति र स्रोत, कार्यक्षेत्रको अध्ययन प्रक्रियाका बारेमा चर्चा गरिएको छ । अवलोकन, अन्तवार्ता र प्रश्नावली जस्ता तथ्याङ्क संकलन विधि, तथ्याङ्क विश्लेषण तथा प्रस्तुतिकरण रअध्ययन सीमाको बारेमा चर्चा गरिएको छ ।

अध्याय चारमा अध्ययन क्षेत्रमा बसाइसराई गरि आएर उद्यमशिलतामा संलग्न मानिसहरुको सामाजिक अवस्था अन्तर्गत उमेरर लिङ्ग, जातजाति र पेसा, धर्म र जात, पेशा र शिक्षा, र जातजातिका बारेमा उल्लेख गरिएको छ । बसाइसराइका कारण अन्तर्गत बसाइसराइ गर्न बाध्य गर्ने र बसाइ सर्न प्रेरित गर्ने कारण र बसाइसराइले उद्यमशिलतामा पारेको प्रभाव र बसाइसराइ र उद्यमशिलतामा मूख्य निर्णयकर्ताको बारेमा विस्तृत रुपमा व्याख्या गरिएको छ ।

अध्याय ५ मा बसाइसराइ गरेर आएका उद्यमशिल मानिसहरुको आर्थिक अवस्थाको बारेमा चर्चा गरिएको छ । बसाइसराइ गर्नु पूर्वको आम्दानीको स्रोत, हालको आम्दानीको स्रोत, बसाइसराइ गर्नु पूर्व आम्दानी र खर्चको अवस्था र बसाइसराइ पछिको आम्दानी र खर्चको अवस्था, बसाइ सर्नु पूर्वको व्यवसायको अवस्था र बसाइसराइ पछिको उद्यम व्यवसायको अवस्था र बसाइसराइ गरेर आएपछि वा उद्यमशिलतामा संलग्न भैसकेपछि मानिसले प्रयोग गरेका भौतिक सुविधाहरुका बारेमा चर्चा गरिएको छ ।

अध्याय ६ मा यस शोधपत्रको लागी गरिएका अध्ययन अनुसन्धानको सारांश र निकर्षका बारेमा उल्लेख गरिएको छ ।

# अध्याय दुई

# सम्बन्धित साहित्यको  पुनरावलोकन

## २.१ बसाइसराइ तथा उद्यमशिलतासंग सम्बन्धित साहित्यको  पुनरावलोकन

बसाइसराई विश्वव्यापी घटना हो । यस सम्बन्धि थुप्रै अध्ययन अनुसन्धान तथा सिदान्तहरू प्रतिपादन भएका छन् । मानिस आफ्नो आवश्यकता र अवस्था अनुसार स्थाई, अस्थाई र मौसमीगरि एक ठाउँबाट अर्को ठाउँमा आवजावत गरिरहन्छ । ऋआन्तरिक, वाह्य, मौसमी, शरणार्थी, पर्यटन जस्ताविभिन्न प्रकारको हुन्छ । यसमध्ये धेरै हुने भनेको आन्तरिक बसाइसराइ हो किनकी धेरैजसो मानिसहरू आफ्नै देशमा पनि बस्न चाहने र सेवा सुविधा पनि भोग गर्न चाहने हुनाले आन्तरिक र त्यसमा पनि सहरी बसाइसराइ बढी प्रचलनमा छ (नागरिक दैनिक, २०७०) ।

आन्तरिक बसाइसराईलाई Maxsist Theory बाट हेर्दा जो मानिसहरु शहरमा बसाइ सरेर आएका छन् उनीहरु गाउँमा पनि कुनै न कुनै पेशामा आवद्ध भएका पाइयो । जस्तै : शिक्षक, निजामति कर्मचारी, राजनितिज्ञ आदी । उनीहरुनै शहरमा बसाइसरेको वा शहरमा राम्रो व्यवस्थापनका साथ जीवनयापन गरेको पाइयो । जस्तो की गाउँमा कृषि पेशामा आवद्ध सामान्य परिवारको मानिस शहरमा आएर कृषिलाइनै उद्यमका रुपमा निरन्तरता दिएको पाइयो । उनीहरुको जीवनयापन सामान्य नै रहेको छ भने गाउँमा अलिकति हुनेखाने परिवारको मानिस शहरमा आएर ठुलो उद्यमी बनेको छ । उसले भौतिक सेवा सुविधा पनि आफ्नो आर्थिक अवस्था अनुसारनै लिएको देखिन्छ । यसरी आन्तरिक बसाइसराईलाई Maxsist Theory बाट पनि हेर्न सकिन्छ (Antonio, 2011)।

बसाइसराइको प्रचलन प्राय संसारभर नै एकै किसिमको पाइन्छ । बसाइसराइको किसिम व्यत्तिको पारिवारिक अवस्था र आवश्यकताको आधारमा निर्धारण हुन्छ । २१.५ प्रतिशत वा भनौं संसारभरको कुल जनसङ्ख्याको करिब तिन प्रतिशत मानिसहरू आफ्नो जन्मस्थानभन्दा बाहिर छन् । world migration।

जनसङ्ख्या सन्तुलनको हलचल वा बसाइसराईले सस्कृति आदानप्रदान हुनुका साथै सस्कृतिको फैलावट हुन्छ । नयाँ ज्ञान र अनुभवको प्राप्ती हुन्छ । भने बसाइसराइले गर्दा नै

एउटा सस्कृति फैलाउदै जाने र अर्को सस्कृति हराउने सम्भावना हुन्छ , समाजको सन्तुलन बिग्रिन्छ, एकअर्काको सस्कृतिको विरुद्धमा लडाँइ हुनसक्ने र केहि मात्रामा अपराधिक क्रियाकलापहरू पनि बढ्दै जान्छन् । Human migration theory

शस्त्रीय सिद्धान्त : रेभिस्टाइनको शास्त्रीय सिद्धान्तलाई ली ले पनः कानुनी संसोधन र विश्लेषण गरि बसाइसराईको सिद्धान्तको नयाँ रूपरेखा तयार पारे । उनले बसाइसराइ उत्पति क्षेत्र र गन्तव्य क्षेत्रले निर्धारण गर्दछ भन्ने कुरा उल्लेख गरेका छन् । लि ले आन्तरिक बसाइसराइ गर्ने तत्वहरूका बारेमा उल्लेख गर्का छन् । बसाइसराइ एक छनोटपुर्ण प्रक्रिया हो । बसाइसराइका लागी के कस्ता आकर्षण र विकर्षण तत्वहरू रहन्छन भन्ने कुरा उनिहरूको उमेर, लिङ्ग, सामाजिक वर्ग आदिले निर्धारण गर्दछ, साथै उनिहरूको समस्यासँगजुध्न सक्ने क्षमताले पनि निर्धारण गर्दछ ।

### २.१.१ परिचय (उद्यमशिलता)

उद्यमशिलता एक नयाँ व्यवसायको डिजाइन गर्ने, लन्च गर्ने र सञ्चालन गर्ने एक प्रकृया हो जसमा अधिकांश साना व्यवसायहरु पर्दछन् ति व्यवसाय सञ्चालन गर्ने मानिसलाई उद्यमी भनिन्छ (Shane, & Venkataraman, 2000) । उद्यमशिलता एक यस्तो प्रकृया हो जसलाइ सञ्चालन गर्नको लागी उद्यमिले कुशल योजना बनाएर सुरु गर्नुपर्दछ । कुनै व्यापार व्यवसाय सुरु गर्नु उद्यमशिलता गर्नु हो । यसमा व्यापार व्यवसाय सम्बन्धि सोचाई देखी लिएर दिर्घकालिन रुपमा उद्यमशिलता सञ्चालन गर्ने कुराहरु पर्दछन् । उद्यमशिलता एक यस्तो प्रक्रिया हो जसलाइ नयाँ उद्यमहरुलाइ कुशलतार्पूवक योजना बनाएर संचालन गर्नका लागि उद्यमि तयार हुनुपर्छ ।

उद्यमी उद्यमशिलता शब्दबाट बनेको शब्द हो जसको अर्थ जोखिम बह गरि कुनै पुंजि लागत गरि नयाँ उत्पादनशिल कार्यमा संलग्न हुने प्रक्रीया हो । यसमा व्यावसायिक प्रवृति ले जोखिम बहन गरि नयाँ सिर्जनात्मक कार्यमा संलग्न भइ अर्थ उपार्जन गर्ने उद्देश्य ले प्ररित भइ संचालित मानविय क्रियाकलाप संचालन गरिन्छ ( डेविट हर्ल्ट ) ।

### २.१.२ नेपालमा उद्यमशिलता

हामिले उद्यमशिलता कुरा गरिरहदा नेपालमा यसको सुरुवात र हालको अवस्थाको वारेमा पनि थोरै ब्याख्या गर्नेछौं ।

Network resoruceh theory मा उद्यमीहरुले आफ्ना बहुमुल्य स्रोतहरुलाई बजार समक्ष पुऱ्याउन वा त्यसलाई प्रवर्द्धन गर्नका लागि आफ्ना सामाजिक संजालहरु प्रयोग गरेका हुन्छन् जस्तै आफन्त नातेदाहरुबाट प्रचार प्रसार वा विभिन्न सञ्चार माध्यमहरुबाट पनि आफ्नो सामाजिक नेटवर्क बढाइरहेका हुन्छन् । यही सामाजिक नेटवर्ककै आधारमा मानिसहरु एक स्थानबाट अन्यत्र बसाई सराई पर्ि नगरिरहेका हुन्छन् । यस अध्ययन क्षेत्रमा पनि धेरै मानिसहरु आफ्नो कुनै न कुनै सामाजिक सम्बन्धको माध्यमबाट यहाँ आई उद्यम व्यवसाय सञ्चालन गरेको देखिन्छ (Granovetter, 1983)।

Lee, E S. का अनुसार उद्यमशिलता एउटा वृहत विषय हो र मुलुक विकासको दुतक पनि हो । विशेषगरि आर्थिक तथा सामाजिक विकासका विभिन्न पक्षहरुसंग यसलाइ जोडेर विकासको परिभाषा गर्ने र विकासको मापन गर्ने गरिन्छ । जस्तो कि उद्यमशिलता र सामाजिक रुपान्तरण उद्यमशिलता र आर्थिक गतिविधि र सम्वृद्धीको आधार उद्यमशिलता आदि । उद्यमशिलता फस्टाएका मुलुकहरुलाई विकसित मुलुक मानिन्छ । उद्यमशिलताको विकास प्रत्यक्षत : आर्थिक विकाससंग सम्बन्धित छ । तर विकास विज्ञहरुका अनुसार सवल आर्थिक अवस्थाले अन्य आर्थिक अवस्थाहरुको परिपुर्ति गर्न र सुख सम्पन्नता हासिल गर्न सहज तुल्याउँछ । तसर्थ सर्वप्रथम आर्थिक विकास हासिल गर्नु महत्वपुर्ण हुन्छ र त्यसका लागि उद्यमशिलता विकास प्रमुख आधार हो । लि. ले बसाइसराइका विभिन्न आयमहरुमध्ये बसाइ सर्न बाध्य बनाउने आकर्षण तत्व र विकर्षण तत्वहरुको बारेमा भने अनुसार मानिस आफु बसिरहको स्थानमा जब अभाव महसुस गर्दछ तव ऊ त्यहाँबाट बाहिरिन बाध्य हुन्छ वा भनौं जब मानिसलाई आफु बसिरहेको स्थानमा भन्दा अन्यत्र जीवनयापन गर्न सहज हुन्छ जस्तो महसुस हुन्छ र गन्तव्य स्थानले आकर्षित गर्दछ तव ऊ बसिरहेको स्थानबाट बसाइ सराइ गर्ने गर्दछ । विरेन्द्रनगरमा अधिकांश मानिसहरु शहरि सेवा सुविधाले आकर्षित गरेर नै बसाई सरि आएका छन् (Lee, 1966) ।

समग्रमा भन्नुपर्दा नेपालमा उद्यमशिलता विकास अत्यन्तै सुस्त गतिमा अघि बढिरहेक देखिन्छ । ५० प्रतिशत भन्दा बढी लघु , घरेलु परम्परागत तथा साना उद्योगहरु संचालनमा छन् ति मध्ये ५४ प्रतिशत कृषी उत्पादनमा आधारित छन् र १८ प्रतिशत बन पैदावारमा आधारित छन् । विकाशसिल मुलुकको अर्थतन्त्र चलायमान हुनुमा लघु घरेलु तथा साना उद्योगहरुको पूर्ण भुमिका रहेको र साथै विकाशसिल मुलुकहरुमा उद्यमशिलता विकास आवश्यक छ (Weik, 2011)।

वि.स. १९९३ मा औधोगिक परिषद को स्थापना भयको हो । वि.स. १९९३ मै विराटनगर जुट मिलको स्थापना , वि.स. १९९५ मा जुद्ध म्याच फ्याक्ट्रि को स्थापना , १९९६ मा घरेलु प्रचार इलम अड्डा, वि.स. २००३ मा रघुपति जुट मिल, वि.स. २०१६ मा नेपाल औद्योगिक विकास निगमको स्थापना, यसैगरि २०१७ सालमा प्रथम उद्योग निति, वि.स. २०२२ सालमा उद्योग गणना सुरु, वि.स. २०२८ सालमा औद्योगिक सर्वेक्षण सुरुवात भयो भने वि.स. २०४९ सालमा पहिलो पटक उद्योग व्यवसाय ऐन, वि.स. २०७६ सालमा औद्योगिक निती निर्माण गरियो, वि.सं. २०७३ मा औद्योगिक व्यावसाय एन जारि गरियो । वि.सं. २०२२ बाट औद्योगिक गणना को सुरुवात गरियो , औद्योगिक गणना प्रत्येक ५/५ वर्षमा हुने गर्दछ । १० औँ औद्योगिक गणना वि. सं. २०७० सालमा भयको थियो जसमा नेपालमा उद्योग नभयका जिल्ला ११ वटा थिय । औद्योगिक गणना अनुसार उद्योग नभयका जिल्लाहरु ६४ वटा रहेका थिय (Ministry of Population and Environment, 2013)।

## २.२ बसाइसराइ सम्बन्धि अवधारणाहरू

बसाइसराइ भन्नाले आफु अक्सर बसोबास गरेको स्थानबाट देशभित्रै वा विदेशको कुनै भू-भागमा स्थायी वा अस्थायी रुपले विभिन्न कारणले स्थानान्तरण गर्नु भनिन्छ वा बासस्थान गर्ने प्रकृयालाई बसाइसराइ भन्न सकिन्छ (संयुक्त राष्ट्र संघको बसाइसराइका लागी अन्तर्राष्ट्रिय संगठन, आइ.ओ.एम.) ।

## २.३ बसाइसराइ र उद्यमशिलताको इतिहास

### २.३.१. बसाइसराइको इतिहास

नेपालमा बसाइसराइको इतिहास धेरै पहिले देखि रहेको देखिन्छ । गोर्खा राज्यको नितिका कारण सन् १८०४ देखि भारतको कुमाउ र गढवालमा बसाइसर्न सुरु भएको हो (Kanskar, 1984) । कुमाउ गढवालका साथै मानिसहरु सिक्कीममा पनि बसाइसर्न थाले । सन् १८११४/१५ मा ब्रिटिश इण्डिया यद्ध भयो र औपचारिक रुपमा यसैबेलादेखी धेरै मानिसहरु भारतमा जागीरको शिलशिलामा बसाइसर्न थाले । दार्जिलिङको चिया उत्पादन हुने राज्यमा काम गर्न जान थाले , आसामको काठ कारखानामा काम गर्न जान थाले, भरियाको काम, चौकिदार, सेक्स कामदारका रुपमा काम गर्न भारतका विभिन्न स्थानमा नेपालीहरु जान थाले । (भट्टराई, २००७) ।

केन्द्रिय तथ्याङ्क विभागले सन् १९९६ मा गरेको जनगणनामा २२ प्रतिशतले आन्तरिक बसाइसराइ गरेका थिए । जुन बसाइसराइको दर पुरुषको भन्दा महिलाको धेरै थियो । पुरुष भन्दा महिला बढी गतिशिल हुनुको कारण विवाह बसाइसराइ हो । १५-३९ वर्ष उमेर समुहका मानिसहरु बढी बसाइसराइ गर्छन् । जुन शिक्षासँग सम्बन्धित बसाइसराइ हो (MOPE, 2013) ।

नेपालको इतिहासमा वि.सं. १९६८ भन्दा अगाडी सम्म बसाइसराइको कुनै लिखित इतिहास छैन केन्द्रिय तथ्याङ्क विभागले सन् १९७१ मा सार्वजनिक गरेको तथ्याङ्कमा ४४५,१२८ मानिसले देशभित्र बसाइ सरेका थिए जुन कुल जनसङ्ख्याको ३.९० प्रतिशत हो सन् १८८१ मा ९२९,५८५ जना मानिस बसाइ सरे, जुन ६.२० प्रतिशत हो  सन् १९९१ मा ६.६० प्रतिशतले देश भित्र बसाइ सरेको देखिन्छ । सन् २००१ मा ७.४६ प्रतिशतले देशभित्र बसाइ सरेको देखिन्छ (MOPE, 2013) ।

केन्द्रिय तथ्याङ्क विभागले २०६८ सालमा सार्वजनिक गरेको तथ्याङ्क अनुसार कुल जनसङ्ख्याको १४.८४ प्रतिशतले बसाई सरेको देखिन्छ । विवाह गर्दा २३.५९ प्रतिशत, निर्भरता २०.३६ प्रतिशत, कृषि १४.९ प्रतिशत र पढाइका लागि १३.३८ प्रतिशतले बसाइसराई गरेको देखिन्छ । यसरी हेर्दा हरेक दशकमा बसाइसराई गर्नेहरुको सङ्ख्या

बढिरहेको देखिन्छ । तराइको जनसङ्ख्या कुल जनसङ्ख्याको ४८.४० प्रतिशत रहेकोमा १० वर्षमा ५०.२७ प्रतिशत पुगेको देखिन्छ । त्यसैगरि पहाडमा ४४.३० प्रतिशत जनसङ्ख्या रहेकोमा ४३.०१ प्रतिशत र हिमालको ७.३० प्रतिशत जनसङ्ख्या ६.७३ प्रतिशतमा झरेको देखिन्छ (नागरिक दैनिक, २०७०) सुर्खेत जिलाको बसाइसराई स्थिति हेर्दा वि.सं २०५८ सालमा ग्रामीण जनसङ्ख्या ८.९० प्रतिशत, शहरी जनसङ्ख्या १०.९० प्रतिशत, २०६८ सालको जनगणनाको तथ्याङ्क अनुसार ग्रामीण जनसङ्ख्या ८६.३० प्रतिशत, शहरी जनसङ्ख्या १३.७० प्रतिशत र वि.सं. २०७३ सालका जिल्लाको स्थानिय तह पुनर्संरचनाको आधारमा ग्रामीण जनसङ्या २७.७० प्रतिशत र शहरी जनसङ्ख्या ७२.३० प्रतिशत रहेको छ यसैगरी वडा नं. १ को ६५५४ जना रहेको छ (सुर्खेत जिल्लाको गा.पा. तथा न.पा. हरुको प्रोफाइल, २०७४) । यस तथ्याङ्कलाई हेर्दा नगरपालीका भित्र बिगत २० वर्षमा शहरी बसाइसराइको दर बढेको देखिन्छ (Kanskar, 1984)।

## २.३.२ उद्यमशिलताको इतिहास

उद्यमशिलता नयाँ व्यवसाय सिर्जना गर्ने प्रकृया हो । नयाँ किसिमको नयाँ-नयाँ व्यवसाय सिर्जना, मेहेनत, व्यवसायलाई आवश्यक समय, जोखिम वहन, उच्च उपलब्धिको चाहाना, सिर्जनशिलता तथा नवप्रवर्तन आदी विशेषता भएका मानिसहरु उद्यमी हुन् । नेपालमा उद्यमशिलता विकास अत्यन्तै सुस्त गतिमा अघि बढिरहेक छ । किनकी उद्यमशिलता विकासका आधारहरु जस्तै कृषि , पशुपालन , वन पर्यटन, जलस्रोत खनिजतत्व जस्ता भौतिक र सामाजिक पुर्वाधारहरुको विकास गर्न सक्षम र उर्जावान युवाहरुलाई विदेशी भुमिमा जिवन निर्वाहका लागि पसिना बगाउन बाध्य पारिनुको नतिजा हो यो । ५० प्रतिशत भन्दा बढी लघु , घरेलु परम्परागत तथा साना उद्योगहरु संचालनमा छन् । ति मध्ये ५४ प्रतिशत कृषी उत्पादनमा आधारित छन् र १८ प्रतिशत बन पैदावारमा आधारित छन् । (Kharel & Dahal, 2020)।

नेपाल सन् २०१९ मा १९० मुलुकहरुमा ११० औं स्थानमा रहेको थियो भने २०२० मा उद्यम ब्यावसाय गर्न सहज हुने वातावरण निती तथा वातावरण कार्यक्रमहरुमा सुधार गरेको कारण १६ औं स्थान माथि उक्लियर ९४ औं स्थानमा आइपुगेको छ (Kharel & Dahal, 2020)।

नेपालका उद्योग र औधोगिक विकासक्रमको  कुरा गर्दा वि.स. १९९३ मा औधोगिक परिषद को स्थापना भयको हो । वि.स. १९९३ मै विराटनगर जुट मिलको स्थापना , वि.स. १९९५ मा जुद्ध म्याच फ्याक्ट्रि को स्थापना , १९९६ मा घरेलु प्रचार इलम अड्डा, वि.स. २००३ मा रघुपति जुट मिल, वि.स. २०१६ मा नेपाल औद्योगिक विकास निगमको स्थापना, यसैगरि २०१७ सालमा प्रथम उद्योग निति, वि.स. २०२२ सालमा उद्योग गणना सुरु, वि.स. २०२८ सालमा औद्योगिक सर्वेक्षण सुरुवात भयो भने वि.स. २०४९ सालमा पहिलो पटक उद्योग व्यवसाय ऐन, वि.स. २०७६ सालमा औद्योगिक निती निर्माण गरियो, वि.सं. २०७३ मा औद्योगिक व्यावसाय एन जारि गरियो । वि.सं. २०२२ बाट औद्योगिक गणना को सुरुवात गरियो , औद्योगिक गणना प्रत्येक ५/५ वर्षमा हुने गर्दछ । १० औँ औद्योगिक गणना वि. सं. २०७० सालमा भयको थियो जसमा नेपालमा उद्योग नभयका जिल्ला ११ वटा थिय । औद्योगिक गणना अनुसार उद्योग नभयका जिल्लाहरु ६४ वटा रहेका थिय । Ministry of Population and Environment, 2013).

### २.२.३ उद्यमशिलता विकास

प्रत्येक मानिस जन्मजात उद्यमी हुन्छन् । कसैले आफ्नो क्षमता देखाउने अवसर पाउँछन् भने कसैले पाउँदैनन् । कतिपय मानिस त आफूभित्र त्यो क्षमता छ भन्ने समेत बुझ्न पाउँदैनन् ।

नेपालको विकास नहुनुको प्रमुख कारण उद्यम गर्ने उद्यमीहरु नहुनु वा उद्यम गर्ने वातावरण सरकारले उपलब्ध गराउन नसक्नु हो । यदी देशमा उद्यमशिलताको क्षेत्रमा विकास भएमा देश विकास स्वतः हुन्छ । उद्यम गर्ने भनेको ठुला-ठुला उद्योग र कलकारखाना मात्र होइन र हामीले जीविकोपार्जनका लागी गरिने व्यापार, सेवा, उद्योग, व्यवसाय सबै उद्यम हुन् । उद्यम गर्ने व्यक्तिसंग कुशलता, सृजनशिलता, नवप्रवर्तन र जोखिम वहन गर्ने क्षमता हुनुपर्दछ । सन् २०१९ को अन्त्य बाट सुरु भएको कोभिड-१९ ले विश्वमा बहुआयामिक प्रभाव पारेको छ । विश्वमा कोरोना पछि अर्थतन्त्रमा असर पुऱ्याइरहेको अवस्थामा उद्यम गर्ने मानिसहरुको सङ्ख्या बढेको छ । घरबाहिर निस्कन कठीन परिस्थितीमा जब मानिसलाई आर्थिक संकटले च्याप्यो तब मानिसहरु आफुसँग जे सिप सामाग्री छ त्यसैलाई व्यवसायको रुप दिन थाले र सानै भएपनि उद्यम व्यवसाय सुरु गर्न थाले (Ruef, & Lounsbury, 2007) ।

राष्ट्रको विकास आर्थिक विकासमा निर्भर हुन्छ र आर्थिक विकास उद्यमशिलता विकासमा निर्भर हुन्छ । उद्यमशिलता विकासले देशमा बेराजगार युवाहरुको सहयोगी भएर रोजगारीको सिर्जना गर्छ । तर नेपाल सरकारले उद्यमीहरुले उत्पादन गर्नसक्ने किसीमको शिक्षा निति ल्याउन सकेको छैन । हाम्रो शिक्षा नितिले विषयवस्तुको ज्ञान दिन्छ तर त्यो ज्ञानलाई व्यवहारिक किसिमले प्रयोग गरेर स्वरोजगारदाता सिर्जना गर्ने किसीमको सोच, आँट र सिप दिन सकेको छैन । यस्ता समस्याहरुका बावजुद पनि नेपाली युवाहरुले संसारका विभिन्न युवा उद्यमीहरुको प्रगती देखेर सानै भएपनि व्यवसाय सुरु गरेका छन् ।

स्विडेनमा रहेर संसार भरिनै फैलिएको संसारकै सर्वाधिक ठुलो खुद्रा फर्निचर भण्डारका संस्थापक इन्गाभार कामप्राडाले सन् १९४३ मा खुद्रा भण्डारणको स्थापना गर्दा उनको उमेर १७ वर्ष मात्रै थियो । माइक्रोसफ्टका संस्थापक विलगेट्स केवल १५ वर्षको हुंदा उनले सानोतिनो किसीमको व्यापार गर्न आरम्भ गरिसकेका थिए । २३ वर्षको उमेरमानै विलगेट्सले माइक्रोसफ्ट प्रमुख भइसकेर लाखौं कमाइसकेका थिए । फरबरी ४, २००४ मा स्थापना भएको फेसबक्का आविष्कारकर्ता मार्क जुकरवर्गको (जन्म १९८४) उमेर अहिले ३८ वर्ष छ । यो अवस्थामै उनले नाम र पैसा दुबै कमाइसकेका छन् । साथै संसारलाई नितान्त नौलो प्रविधि दिन पनि सफल भएका छन् । यसैगरि लैरी पेज (गुगलको स्थापना गर्ने व्यक्ति) जेफ बेजोस संसारको सर्वाधिक ठुलो अनलाइन विक्री भण्डारण केन्द्र अमेजनका संस्थापक) पनि युवावस्थामै धेरै प्रतिष्ठित र धनी बनिसकेका छन् (Granovetter, 1983)।

नेपालका पनि सरकारको तर्फबाट नभएपनि निजि क्षेत्रबाट धेरै युवाहरु उद्यम व्यवसायमा सरिक रहेको पाइन्छ । विज्ञान तथा प्रविधि क्षेत्रमा होस् या कृषि लगायतका अन्य क्षेत्रमा । अहिले उद्यमीहरुले काम सुरु गरिरहेका छन् । ति यूवाहरुलाई काम गर्ने वातावरण सहज बनाउन नेपाल सरकारले पहल गर्नु आवश्यक छ । सरकारले पनि स्टेपअर्ट गर्नेहरुको लागी पूजिगत लाभकर नलिने उद्यमीहरुलाई निश्चित अवधिसम्म कर छुट दिने कार्यक्रमहरु गर्नुपर्दछ । साथै इक्युबेसन सेन्टर सञ्चालन गरेर पनि उद्यमशिलता विकासलाई अगाडी बढाउन आवश्यक देखिन्छ (Shane & Venkataraman, 2000) ।

उद्यमीहरुसँग उद्यमशिल, ज्ञान, सिप र सकारात्मक सोच, धैर्यता र लगनशिलताको पनि आवश्यक छ । सानातिना कमिकमजोरीबाट पाठ सिक्दै निराश नभएर निरन्तरता दिन

सक्नुपर्छ । उदाहरणको लागी स्याङ्जा वालिङका भिम लुइटेललाई लिन सकिन्छ । जसले नेपाली सेनाको जागीरले घरधान्न नसके पछि जागीर छोडेर अरब गए तर त्यहाँ गएपछि देशको माया र देशमै केहि गर्नुपर्छ भन्ने हुटहुटीले सताएर हातमा ४ लाख र आँखामा करोडौं सपना बोकेर नेपाल आएर बैंकबाट ऋण लिएर बँगुर फार्म सुरु गरे । ३ लाखबाट सुरु गरेको बँगुर फार्म अहिले करोडौंको भएको छ । बिचमा एकपटक लगभग खोर नै रित्तो हुने गरि बँगुरलाई रोग लाग्यो र सबै बँगुरहरु मरे । तर भिमले हार मानेका छैनन् । आफुले खाने धान कुटेर बँगुरको खाना (चारो) दिइरहेका छन् । उनी भन्छन् “फेरी मेरो खोर भरिनेछ, फेरी मैले दिनमै हजारौं र महिनामै लाखौं कमाउने छु” । नेपालमा युवा उद्यमीलाई भिम लुइटेलको जस्तो आत्मविश्वास र लगनशिलता हुनु जरुरी छ । (हेर्ने कथा, भाग-१०९, असफलताको कथा) ।

व्यक्तिगत साझेदारी सहकारी तथा सामाजिक प्रयासबाट उद्यमशिलता वा व्यवसायको विकास गर्न सकिन्छ । स्थानिय स्तरमा उपलब्ध स्रोत, साधन, पूजि तथा प्रविधिको उपयोगका साथै सिपमूलक तालिम र वित्तिय पहुँच विकास गरि उद्यमशिलता विकास गर्न सकिन्छ । पर्यावरणीय सहितको उद्यमशिलता पनि अबको आवश्यकता हो । मस्तिष्कमा समझदारी, काँधमा जिम्मेवारी, हृदयमा इमान्दारी भएर अबको युवाहरुले उद्यमशिलतामा लाग्नुपर्दछ (अधिकारी, २०८०) ।

# अध्याय तिन

# अनुसन्धान विधि

यस अध्यायमा अनुसन्धानका क्रममा प्रयोग गरिएका विधि प्रविधिहरुको वर्णन गरिने छ । अध्ययन क्षेत्र कहाँ हो र त्यो स्थान किन छानिएको हो ? अध्ययन क्षेत्रको समग्र कुन हो र नमुना छनौट कसरी गरियो ? अध्ययनमा कस्ता कस्ता तथ्याङकको प्रयोग गरिने छ र ती कसरी संकलन गरिएको छ ? आदिका बारेमा स्पष्ट पार्ने प्रयास गरिएको छ । यस अध्यायमा अध्ययन कार्य गर्नको लागि निम्न विधिको प्रयोग गरिनेछ ।

## ३.१ स्थलगत छनोटको औचित्य

कुनैपनि अध्ययन अनुसन्धानको आआफ्नै तरिकाको औचित्य हुन्छ । विरेन्द्रनगर नगरपालिकाभित्र बसाइसराइले उद्यमशिलतामाल्याएका परिवर्तनहरु केके छन् कुनकुन क्षेत्रमा छन् भन्ने कुराको जानकारी लिने यस अनुसन्धानको औचित्य रहेको छ ।

सुर्खेत जिल्ला र कर्णाली प्रदेशको राजधानी विरेन्द्रनगरमा वरिपरिका जिल्लाहरू र त्यही जिल्लाका अन्य स्थानहरूबाट बसाइसरि आउनेहरूको जनसङ्ख्या बढी भएको हुनाले मैले यस बिषयलाईआफ्नो अध्ययनको बिषय बनाएकी हुँ । विरेन्द्रनगरलाई बुझ्नको लागि र विरेन्द्रनगरमा बसाइसराइले उद्यमशिलतामा पारेको प्रभावपत्ता लगाउन वा विरेन्द्रनगरमा आगमन बसाइसराइसगं समबन्धित सम्पुर्ण कुराहरू दर्शाउनका लागि मैले आफ्नो अध्ययनको विषय विरेन्द्रनगर नगरपालिकालाई बनाएकी हुँ । सुर्खेत जिल्ला र कर्णाली प्रदेशको राजधानी विरेन्दनगरमा विभिनन उद्देश्यका साथ बसाइसराइ गरी आउनेहरुको सङ्ख्या एकदमै बढी देखिन्छ । यो अध्ययन विरेन्द्रनगर नगरपालिकाभित्र गरिएको अनुसन्धानको प्रस्तावना हो । यस प्रस्तावनाले विरेन्द्रनगर नगरपालिकाको आगमन बसाइसराइले नगरपालिकाभित्रउद्यमशिलतामा पारेको प्रभावहरुको अध्ययन गरी ति प्रभावहरु पत्ता लगाउनुनै यस अध्ययन अनुसन्धानको मुख्य औचित्य रहेको छ । यस समस्याहरुबारे बुझ्न मद्धत गर्दछ । सुर्खेत जिल्ला र कर्णाली प्रदेशको राजधानी विरेन्दनगरमा विभिनन उद्देश्यका साथ बसाइसराइ गरी आउनेहरुको सङ्ख्या एकदमै बढी देखिन्छ । कुनैपनि अध्ययन अनुसन्धानको आआफ्नै तरिकाको औचित्य हुन्छ । विरेन्द्रनगर

नगरपालिकाभित्र बसाइसराइले उद्यमशिलतामा ल्याएका परिवर्तनहरु केके छन् कुनकुन क्षेत्रमा छन् भन्ने कुराको जानकारी लिने यस अनुसन्धानको औचित्य रहेको छ । सरसर्ति हेर्दा आन्तरिक बसाइसराईले वीरेन्दनगर १ मा निकै प्रभाव पारेको छ । मेरो तथ्याङ्कमा यहि आन्तरिक (आगमन) बसाइसराईले वीरेन्द्रनगर १ मा पारेको प्रभावलाई हेर्ने कोशिसगरेको छु । मैले यस अध्ययनमा विशेष गरी साना व्यवसायहरु (ग्रिल उद्योग, तरकारी फर्म, कुखुरा फर्म, किराना पसल, डेरी, फर्निचर उद्योग) लाई हेर्ने प्रयासगरेको छु । यसबाट मानिसको दैनिकी वा जीवनमा परेको प्रभाव र आफ्नो क्षेत्रबाट यस क्षेत्रमा बसाइ सरी आएर व्यवसाय गर्नुको कारण र यसले पारेको प्रभावलाई मूलभूतरुपमा हेर्ने प्रयास गरेको छु ।

हालसम्म यो क्षेत्रमा बाह्य बसाइसराइ र रेमिट्यान्स सम्बन्धि मात्र अध्ययन भएको छ । त्यसैले म यो क्षेत्रमा आन्तरिक बसाइसराइ र यसको कारण र प्रभावको वारेमा अध्ययन गर्न गइरहेकी छु। म स्वयम यस क्षेत्रको भएकाले र यस स्थानसंग मेरो जन्म सम्बन्ध भएकाले मसंग यहांको सत्यतथ्य तथ्याङ्क उपलब्ध हुनसक्छ भनि मैले आफ्नो अध्ययनको विषय यस क्षेत्रलाई छनोट गरेकी हुँ ।विरेन्द्रनगर नगरपालिकाको वडा नं १ लाई नै मैले अध्ययनको विषय बनाउनुको कारण निम्न कुराहरुबाट प्रस्ट हुन्छ ।

(क) बसाइसराइ गरेर आएका उद्यमीसहरुको बाहुल्यता धेरै भएकाले ।
(ख) बसाइसराइमा संलग्न भएका मानिसरुको आम्दानीमा वृदि भइ समाजमा त्यसको प्रभाव देखिएकाले ।
(ग) शोधकर्ता यस स्थानमा बसोबास गर्ने भएकाले प्रत्यक्ष अवलोकन विधिद्धारा तथ्याङक सङकलन गर्न सहज हुने भएकाले ।

## ३.२ अनुसन्धानको ढांचा

यस अनुसन्धान कार्यलाई क्रमबद्ध रूपमा अगाडी बढाउको लागि वर्णनात्मक अनुसन्धान ढांचाको प्रयोग गरिएको छ । वर्णनात्मक अनुसन्धान ढांचामा विरेन्द्रनगरमा भएको बसाइसराइको कुरालाई दर्शाइएको छ भने अन्वेशणात्मक अनुसन्धान ढांचामा आगमन बसाइसराइ प्रक्रियाले ल्याएका समस्याहरूबो अध्ययन गएिको छ ।

### ३.३ प्राथमिक तथ्याङकका स्रोतहरू

यस अध्ययनमा अध्ययन कार्य गर्नका लागि प्राथमिक र द्वित्तिय स्रोतलाई प्रयोगमा ल्याउनेछु ।यस अध्ययनका लागि प्राथमिक तथा द्वितीय स्रोतका तथ्याङक संकलन गरिने छ र गुणात्मक तथा परिमाणात्मक खालका तथ्याङक संकलन गरिनेछ । अन्तवार्ताबाट परिमाणात्मक तथ्याङक सङकलन गरिनेछ भने सहभागी अवलोकनका माध्ययमबाट गुणात्मक तथ्याङक संकलन गरिएकोछ । नगरपालिका, जि.वि.स, वडा कार्यलय केन्द्रिय तहका विभिन्न किसीका सरकारी तथा गैरसरकारी कार्यालयका साथै विविध समाजशास्त्रीय र मानवशास्त्रीय विद्धानहरुले लेखिएका लेख, रचना, पत्रपत्रिका, पुस्तक,प्रतिवेदन, विभिन्न वेवसाइटका अभिलेखहरु साथै विभिन्न शोधपत्रबाट द्धितीय तथ्याङ्क संकलन प्रयोग गरिएको छ । गुणात्मक खालका तथ्याङ्कका रुपमा बसाइसराइका कारणका बारेमा उत्तरदाताका धारणा अनुभव र अनुभुतिहरु रहेका छन भने मात्रात्मक खालका सुचनाहरुका रुपमा बसाइसराइ गरेर आएका मानिहरुको सङख्या, उनिहरुको आम्दानी, उमेर, पेशा, भाषा, धर्म, जातजाति आदिका आधारमा मानिसहरुको वितरण रहेका छन् ।

प्राथमिक स्रोत अन्तर्गत बौद्धिक वर्गका व्यक्तिहरूलाई अन्तवार्ता र सोधपुछ विधि र विरेन्द्रनगर नगरपालिकाका गएर field survey गएर data सङ्कलन गरिएको छ, भने द्धितिय स्रोत अन्तर्गत पुस्तक इमेल इनटरनेट पत्रिका अडियो भिडियो जस्ता सामाग्रीहरूलाई प्रयाप्त मात्रामा समेटिएको छ ।

### ३.४ समग्रताको नमुना छनोट

सुर्खेत जिल्ला र कर्णाली प्रदेशको राजधानी विरेन्द्रनगर नगरपालिकामा आगमन बसाइसराइले उद्यमशिलतामापारेमो प्रभावहरु लाईमैले मेरो अध्ययनको विषय बनाएकी छु । नगरपालिकाको तथ्याङकको आधारमा विरेन्द्रनगर नगरपालिकालाइ नमुना छनोटमा लिएकी छु ।

विभिन्न ठाउँबाट विरेन्द्रनगर नगरपालिकामा बसाइसराइ गरि विगत २० बर्षदेखि हासम्म बसोबास गरिरहेका मानिसहरुलाइ अध्ययनमा समावेश गरिएको छ । यस अध्ययनमा मैले बहुस्तरिय नमुना छनौट विधिको प्रयोग गरेको छु । पहिलो चरणमा विरेन्द्रनगर

नगरपालिकाको विभिन्न वडालाइ क्लस्टर मानेको छु भने दोस्रो तहमा वडा नं १ लाई उद्देश्यमुलक रुपमा छनौट गरेको छु ।

यस अध्ययनमा मैले नमूना छनोट विधिको प्रयोग गरेकी छु । दोस्रो तहमा वडा नं.१लाई उद्धेश्यमूलक रूपमा छनोट गरेकी छु । यस वडाका ५० उद्यमी मध्ये १५ उद्यमीलाई नमूना छनोट विधि प्रयोग गरी छनोट गरेकी छु । ५० जम्मा जम्मी उद्यमीहरू मध्यवाट १५ जना नै किन भन्ने प्रश्नको जवाफमा मैले छनोट गरेका १५ उद्यमीहरूको हरेकउद्यमीहरु फरक-फरक कारणले अन्यत्र स्थानवाट बसाइ-सराई सरी आएका र फरक फरक उद्यमशिलतामा संलग्न रहेका छन् । जस्तो कि प्राकृतिक विपत्तिवाट बच्न यो ठाउँसम्म आइपुगेका छन् । कोही कर्मचारी भएको र सरुवा यही ठाउँमा भएकालेबसाइ सरी यस टोलमा वसीरहेका मानिसहरू छन् भने कोही आफ्ना बच्चा-बच्चीलाई उचित स्वास्थ्य शिक्षाको पहुच होस् भनी बसाई सरी आएका छन् । कोही ब्यापारको शिलशिलामा यो ठाउँमा बसाइ सरी आएका छन् । विभिन्न ठाउँबाट विरेन्द्रनगर नगरपालिकामा बसाइसराइ गरि विगत २० बर्षदेखि हासम्म बसोबास गरिरहेका र हाल फरक फरक उद्यमशिलतामा संलग्न रहेका उद्यमीहरु जस्तोकी कोही कुखुरा फर्म, कोही तरकारि फर्म, कोही ग्रील उद्योग, कोहि डेरि, कोहि होटेल ब्याबसाय, कोहि कस्मेटीक, खुद्रा, खाध्धान्न, पसल गर्नका लागियस वडामा बसोबास गरिरहेकामानिसहरुलाइ अध्ययनमा समावेश गरिएको छ ।

यस अध्ययनमा मैले बहुस्तरिय नमुना छनौट विधिको प्रयोग गरेकी छु । पहिलो चरणमा विरेन्द्रनगर नगरपालिकाको विभिन्न वडालाइ क्लस्टर मानेको छु । भने दोस्रो तहमा वडा नं १ लाई उद्देश्यमुलक रुपमा छनौट गरेको छु ।१५ उत्तरदातामा कुखुरा फर्म संचालक तरकारि फर्म संचालक, ग्रील उद्योगसंचालक, डेरि संचालक, होटेल ब्याबसाय, कस्मेटीक, खुद्रा, खाध्धान्न, पसल संचालक, रहेकाछन् । बसाइसराइ गरेर आएका घरपरिवारका मुख्य मानिसले बसाइसराइका बारेमा बताउन सक्ने भएकाले त्यस्ता मानिसलाइ छनौट गरेको छु । भने घरको मुख्य मानिस नभएको अवस्थामा अरु मानिसलाइ पनि उत्तरदाताको रुपमा छनौट गरेको छु । यिनै १५ उद्यमीहरुले बाँकी ५० उद्यमीहरुको प्रतिनिधित्व गर्ने भएकाले मैले १५ उद्यमीहरुलाई नै आफ्नो अनुसन्धानको छनोटमा पारेको छु ।

## ३.५ तथ्याङ्क सङकलनको विधि

यस अध्ययनमा प्राथमिक तथ्याङ्क प्राप्त गर्नका लागि मुख्य रूपमा अन्तर्वार्ता विधिको प्रयोग गरेको छु ।

### ३.५.१ अन्तर्वार्ता

अनुसन्धानको क्रममा प्राथमिक तथ्याङ्कहरू सङ्कलन गर्ने विभिन्न विधिहरूमध्ये अन्तर्वाता प्रमुख विधि हो । अन्तर्वाता सञ्चार आदानप्रदान तथा अन्तरक्रियाको त्यो विधि हो, जसमा अन्तर्वाता दिने व्यक्तिले आमनेसामने भएर मौखिक रूपमा आवश्यक जानकारीहरूदिने गर्दछन् । अन्तर्वाता आन्तरिक विचार, चाहाना,धारणा र सोच अभिव्यक्त गर्ने शसक्त माध्यम हो । अन्तर्वाता उद्देश्यपुर्ण वार्तालाप हो । यसका लागि निश्चित उद्देश्यको आवश्यकता पर्दछ । अन्तर्वाताको उद्देश्य अनृसन्धान गर्ने वा निश्चित समस्या समाधान गर्ने रहेको हुन्छ । यो कुराकानिको सरल तरिका मात्र हैन हाउभाउ, शारिरिक चाल, हेराई र अनुहारको भावद्वारा व्यक्तिको आन्तरिक विचार तथा भावनाहरू प्रस्फुटन गर्ने साधन पनि हो । शैक्षिक अनुसन्धानको क्रममा क्रमशः यो विधि लोकप्रिय हुदैगएको छ । अन्तर्वाता विधिबाट आमुन्नेसामुन्ने भएर तथ्याङ्क सङ्कलन गर्नाका साथै टेलिफोनबाट पनि प्रश्नोत्तर गर्न सकिन्छ । यसरी प्रश्नोत्तर गर्दा उत्तरदाताबाट प्राप्त उत्तरलाई लेखेर वा रेकर्ड गरेर पनि सङ्कलन गर्ने गरिन्छ । सङ्कलन गरिएका तथ्याङ्कहरूलाई आवश्यकता अनुसार विश्लेषण गरि अनुसन्धानको निष्कर्षमा पुग्न सकिन्छ ।

यस अध्ययनमा अर्न्तवार्ताका विभिन्न प्रकारहरु मध्येको (structural interview) लाई प्रयोग गरिएको छ । प्रश्नावलिको माध्यमबाट उत्तरदाताहरुसँग अर्न्तवार्ता गरिएको छ । त्यसैले यस अध्ययनमा प्राथमिक तथ्याङ्क प्राप्त गर्नका लागि मुख्य रूपमा अन्तर्वार्ता विधिको प्रयोग गरेको छु । जसको लागि ता अन्तर्वार्ताअनुसुचिको प्रयोग गरिएको छ । अन्तर्वार्ता अनुसुचिमा मानिसहरू किन आफु बसेको ठाँउ छोड्छन् बसाइसराई गर्न के कस्ता कुराले प्रेरित गरेको छ, बसाई सर्नका लागि कसको महत्वपुर्ण भुमिका रहेको छ, बसाइसराइपछि आम्दानीमा कस्तो परिवर्तन भएको छ, बसाइसराइपछि के कस्ता भौतिक सुविधाहरूको प्रयोग गर्काछन् ? साथै बसाइसराइमा संलग्न व्यक्तिहरूको उमेर,लिङ्ग,जात, जाती, शैक्षीक स्थिति, आर्थिक , सामाजिक पक्षका बारेमा तथ्याङ्क संकलन गरिएको छ ।

अर्न्तवार्ता प्रत्येक व्यक्तिका घरघरमा गएर लिइएको छ । बसाइसराइ गरेर आउनुको कारण र आफ्नो आर्थिक अवस्थाका बारेमा घरमुलिले मात्र बताउन सक्ने भएकाले घरमुलि महिला वा पुरुष दुबैसंग अन्तर्वार्ता लिइएको छ । घरमुलि नभएको अवस्थामा भने परिवारका अन्य सदस्यहरूसंग अन्तर्वार्ता लिइएको छ । एक घरमा ४० देखि ५० मिनेटसम्म अन्तर्वार्ता लिइएको छ । भने अन्तर्वार्तालाई अनौपचारिक बनाउने प्रयास गरिएकोछ । यसका अतिरिक्त सहभागी अवलोकन विधिद्वारा बसाई सरेर आएका घरपरिवार र व्यक्तिहरूको आर्थिक अवस्थाको अवलोकन गरिएको छ । बसाइसराई पश्चात उनीहरूको वालि उत्पादन प्रक्रिया र अन्य आर्थिक क्रियाकलापमा के कस्तो प्रभाव परेको छ गुणत्मक तथ्याङ्क सङ्कलन गरिएको छ ।

### ३.५.२ अवलोकन

आन्तरिक बसाइसराइको क्षेत्र, कारण, तत्व, प्रभाव, असर र आन्तरिक बसाइसराइसंगै भएको उद्यमशिलता विकासले मानिसहरुको जीवनयापनमा प्रभाव पारेको छ । उनीहरुले यस स्थानमा बसाइसरी आउनु पूर्वको अवस्था बुझी हाल यस क्षेत्रमा बसाइसरी आएर उद्यमी बनीसकेपछि उनीहरुले अध्ययनका उद्देश्यहरुलाई ध्यानमा राखी बसाइसराई क्षेत्र, कारण, तत्व, प्रभाव, असर र त्यस्ता परिवारको अवलोकन भ्रमण गरि उनिहरुले पाएका अवसरहरु, भोगेका समस्याहरु टिपोट गरिएको छ ।

### ३.५.३ समुह केद्रित छलफल

अनुसन्धान गरि तथ्याङ्क संकलन गर्ने क्रममा विभिन्न जिल्लाहरुबाट विरेन्द्रनगर नगरपालिका वडा नं १ मा बसाई सरि आएर विभिन्न उद्यम व्यवसायमा संलग्न मानिसहरुलाई विभिन्न समुहमा विभाजन गरि अनुसन्धानका प्रश्नहरु सोधिएको छ । जस्तैः (क) देलेखबाट बसाइसरि आएका मानिसहरुको समुह, (ख) कालिकोटबाट बसाइसरि आएका मानिसहरुको समुह, (ग) सल्यानबाट बसाइसरि आएका मानिसहरुको समुह बनाएर छलफल गरिएको छ । कतिवटा गर्नु भयो ? त्यो संख्या लेख्नुहोला । त्यसमा सहभागीहरुको नाम तथा छलफल गर्दाको फोटो पनि अनुसुचीमा राख्नुहोला ।

### ३.५.४ घटना अध्ययन

यस विधि अर्न्तगत यस क्षेत्रमा सुरुदेखि नै बसोबास गर्दै आइरहेका रैथानेहरुलाई केन्द्रित गरि, आन्तरिक बसाइसराईले यस क्षेत्रमा  उद्यमशिलताको क्षेत्रमा केके घटनाहरुमा असर परेको छ वा कुनकुन क्षेत्रलाई बढि प्रभाव परेको छ भनि सोधिएको छ र उनिहरुको जवाफलाई समावेस गरिएको छ। वीरेन्द्रनगर १ मा २०५५ साल भन्दा पहिला देखिनै रैथाने भइ बसोबास गरिरहेका मानिसहरुलाई यस क्षेत्रमा बिगत २० वर्षमा भएको अत्याधिक आगमन बसाइसराइले यहाँ के-के प्रभाव पारेका छ ? भनि सोध्दा धेरैजसो उत्तरदाताहरुको जवाफ लगभग एकैनासको पाइयो । बसाइसराइ बढे सँगै जमिनको आकार साँघुरिदै गयो, बनजङ्गल विनास हुंदै गयो, पानीका मुहानहरु सुके पहिलेको जस्तो संस्कृति, भाइचारा हरायो भन्ने जवाफ पाइयो भने सकारात्मक पक्ष के छन् त भन्दा फरक ठाउँको संस्कृति जान्ने मौका मिल्यो, व्यापारिक क्षेत्रहरु घरघरमै आउन थाले, बाहिर जानै पर्दैन जस्ता जवाफहरु आएका छन् । जस्तैः सामाजिक प्रभाव, जग्गा जमिनमा परेको प्रभाव, खानेपानी तथा वनजङ्गलमा परेको प्रभाव उद्यमशिलताको क्षेत्रमापरेको प्रभाव आदि कुराहरु समावेश गरिएकोछ।

यसका साथै यस अध्ययनको लागि मैले विभिन्न विधिहरूमध्ये observation, key informant र interview विधिको प्रयोग गर्नेछु ।

### ३.६ तथ्यांक विश्लेषण

माथि उल्लेखित विधि र प्रक्रियाबाट संकलित तथ्याङ्कहरूलाई ति तथ्याङ्कको प्रकृति र अध्ययनको उद्देश्यका आधारमा विभिन भागमा विभाजित गरि तार्किक विश्लेषण गरिएको छ। गुणात्मक तथ्याङ्कहरूलाई व्यवस्थित रूपमा वर्गिकरण र तार्किक व्याख्या गरिएको छ, भने मात्रात्मक तथ्याङ्कहरूलाई वर्गिकरण र तालिकीकरण गरि विश्लेषण गरिएको छ।

### ३.७ अध्ययनको सीमा

यस शोधको कार्यक्षेत्र विरेन्द्रनगर नगरपालिका वडा नं १ मा बसाइसराई गरि आएका र यहाँ आइ उद्यमशिलतामा संलग्न परिवार र व्यक्तिहरूलाई मात्र छनौट गरी तथ्याङ्क संकलन गरेको भएकाले गर्दा यस भन्दा फरक समाज र सन्दर्भमा वा समग्र देशको

प्रतिनिधित्व गर्न सक्दैन । बसाइसराई गरेर आएका मानिसहरु उद्यमशिलतामा संलग्नभएका ठाउँहरू धेरै छन् । यद्धपि मेरो अध्ययन सामाजिक र आर्थिक पक्षमा मात्र केन्द्रित भएकाले यस क्षेत्रमा परेको अन्य प्रभावको बारेमा अध्ययन गरिएको छैन । विरेन्द्रनगर नगरपालिकामा गरिने अध्ययन को निश्कर्ष देशको सन्र्दभमा मेल नखान सक्छ ।

# अध्याय चार

# सामाजिक पृष्ठभुमि, वसाइसराइका कारण र यसले उद्यमशिलतामा पारेको प्रभाव

## ४.१ बसाइसरी आएका उद्यम व्यवसायीहरुको सामाजिक पृष्ठभुमि

कुनै एक ठाँउबाट अर्को ठाँउमा स्थायी वा अस्थायी रुपमा वसोवास गर्न जाने प्रक्रियालाइ बसाइसराई भनिन्छ । नेपालको अन्तरजिल्ला बसाइसराई ृस्थायी प्रकारको देखिन्छ । जन्मस्थान फरक भयका मानिसहरु १० वर्ष र त्यसभन्दा वढी समय बस्नेहरु कुल बसाइसराइको ४४.४७ प्रतिशत छन । यसमध्ये ११ प्रतिशत मानिसहरु फरक फरक उद्यम व्यवसायमा संलग्न छन । २०५८ सालमा यतिकै समय वस्ने मानिसहरुको सङ्ख्या ४४.१ प्रतिशत थियो (नागरिक दैनिक २०७०) ।

यस अध्ययनमा विभिन्न ठाँउबाट वीरेन्द्रनगर नगरपालिकामा २५ वर्ष देखि वसाइसरेर आइ बसोवास गरिरहेका र उद्यम व्यवसायमा संचालन गरिरहेका मानिसहरुको जाति, भाषा, धर्म, पेशा र लिङ्ग आदिको अवस्थाका बारेमा चर्चा गरिएको छ । यहाँ के कस्ता तत्वले मानिसहरुलाइ बसाइसराइ गर्न प्रेरित गरेको छ भन्ने सन्र्दभ लाइ उल्लेख गरिएको छ ।

बसाइसरेर आयका र फरक फरक उद्यम व्यवसायमा संलग्न रहेका मानिसहरुको विभिन्न विशेषतालाई निम्नानुसार तालिकामा उल्लेख गरिएको छ :

### ४.१.१ उमेर र लिङ्गको आधारमा उत्तरदाताको वितरण

उमेरले मानिसको शारीरिक अवस्था, जिम्वेवारी, भुमिका र उत्तरदायित्वलाई बुझाउँछ । विशेष गरि १५ देखि ५९ उमेर समुहका मानिसलाई आर्थिक रुपले सक्रिय जनसङ्ख्या मानिन्छ । यस उमेर समुह भन्दा कम वा वढी उमेर समुहका मानिसलाई निस्कृय मानिन्छ । बसाइसराई प्रक्रियामा पनि उमेर तथा लिङ्गको अवस्थाले प्रतक्ष प्रभाव पार्दछ । वर्तमान समयमा वयस्क मानिसहरु आफ्ना वालवच्चालाई शिक्षा दिन शहरमा वस्न थालेका छन । जवान जोडिहरु भने जन्मथलो वाहिर वा शहरमा नै घर र जग्गा किनेर बस्न थालेका छन् (गौतम,१९९९) । यसका साथै यहाँ उद्यमि नै बनेर बसेका छन् । समानमा मुलतः दुइ खालका लैङ्गिक विशेषता भएका र यस बाहेक तेस्रो लिङ्गी मानिसहरु रहेका हुन्छन् । कुन

लिङ्गका मानिसहरु बढि बसाइसराइ र उद्यमसितलामा सम्लग्न रहेका छन भन्ने विषयले महत्व राख्ने भएकाले यहाँ उत्तरदाताको लैंगिक र उमेरको अवस्थालाइ उल्लेख गरिएको छ ।

**तालिका १ : उमेर र लिङ्गको आधारमा उत्तरदाताको विवरण**

| क.स. | उमेर समुह | लिङ्ग | | | |
|---|---|---|---|---|---|
| | | महिला | प्रतिशत | पुरुष | प्रतिशत |
| १ | ० – १४ | ३ | ५.३५ | ३ | ५.३५ |
| २ | १५ – ५९ | १९ | ३३.९२ | २२ | ३९.२९ |
| ३ | ६० माथि | ४ | ७.१४ | ५ | ८.९२ |
| ४ | जम्मा | २६ | ४६.४२ | ३० | ५३.५८ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०८०*

तालिका नं १ मा आर्थिक रुपमा सक्रिय सङ्ख्या सवैभन्दा वढी रहेको छ । आर्थिक उपार्जन गर्न सक्ने मानिसहरु आफ्नो जन्म थलो छोढेर अन्यत्र बसाइसराइ गर्ने गरेको देखिन्छ । यहाँ जम्मा ५६ उत्तरदाता मध्ये महिला भन्दा पुरुष ७ प्रतिशतले बढी रहेको देखिन्छ । यस अध्ययन क्षेत्रमा १५ प्रतिशत भन्दा कम उमेरका मानिसहरु अध्ययन गर्नका लागि बसाइसरेको देखिन्छ । १५ भन्दा माथिको उमेर समुहका मानिसहरु व्यापार, व्यवसाय गर्ने, सरकारि सेवामा आवद्ध भएको देखिन्छ । नेपालको २०७८ को जनगणनाको तथ्याङ्क हेर्दा महिदाको प्रतिशत ५१.०२ प्रतिशत र पुरुषको ४८.९८ प्रतिशत रहेको छ । यहाँ पुरुषको भन्दा महिलाको ३ प्रतिशत सङ्ख्या बढी देखिन्छ । यस अध्ययन क्षेत्रमा भने बसाइसराइ गरेर आएका मानिसहरुमा महिलाको भन्दा पुरुषको संख्या बढि देखिन्छ । घर बाहिर जाने काममा पुरुषको संख्या बढी देखिन्छ । बढी जसो महिलाहरु घर भित्रको काम कृषि कार्यमा बढी समय बिताउने गरेको देखिन्छ । साथै यस क्षेत्रका महिलाहरु घर वरपर तरकारी लगाउने, केही महिला व्यापार व्यवसायको काम गर्ने गर्दछन् भने पुरुषहरु व्यापार, व्यावसायिक कुखुरा पालन, व्यवसायिक तरकारी खेती, ग्रिल उद्योग, पेट्रोल पम्प, पशुपालन गर्ने गर्दछन् । यस्ता काम गर्ने मानिसहरु १५ देखी माथिको उमेरका रहेका छन् । १४ वर्ष मुनिका मानिसहरु अध्ययनमा संलग्न रहेका छन् । ५९ उमेर समुहका मानिसहरु स-साना चिया पसल गरेका तथा कृषि कार्यमा संलग्न रहेको देखिन्छ ।

### ४.१.२ जातजाती र पेशाका आधारमा उत्तरदाताको विवरण

जन्मको आधारमा निर्धारण गरिएको हैसियतलाई जात भनिन्छ । नेपाली समाजमा विभिन्न जातका मानिसहरुको बसोबास रहेको छ । यि जातहरुलाई मुलतः चार वर्ण व्यवस्थामा आधारित भएको देखिन्छ । ब्राम्हण, क्षेत्री, वैश्य र सुद्रका आधारमा मानिसलाई पहिले देखिनै विभाजन गर्दै आएको पाइन्छ । यि जाती विभाजनका विभिन्न पेशागत स्वरुपहरुका केही हिस्सा आजको समाजमा पनि देखिन्छ । जहाँ मानिसका जातकै आधारमा पेशालाई निर्धारण गरिएको छ । पुरोत्याइँ गर्ने ज्ञान र शिक्षा आर्जन गर्ने ब्राम्हण, सैनिक र प्रशाशकिय काम गर्ने क्षेत्रीय, पशुपालन व्यापार र व्यवसाय गर्ने वैश्य तथा श्रम शिल्पकारी र सेवाको काम गर्ने शुद्र गरी चार वर्ण व्यवस्थामा विभाजन गरिएको छ (आहुती, २०६७) । देशमा रहेका विभिन्न मानिसहरुले आफ्नो जीवनयापनका लागी विभिन्न प्रकारका कामहरुलाई पेशाका रुपमा अंगिकार गरेका हुन्छन् । पेशाहरु धेरै प्रकारका हुन्छन् । कुनै व्यक्ति द्धारा सम्पादन गरिने काम उसको पेशा हो भने त्यस्तो पेशामा रहेका व्यक्तिको काम र कर्तव्यलाई दक्षता पूर्ण सञ्चालन गर्नु सिप भएकाले कामको प्रकृति, शैक्षिक योग्यता, अनुभव, तालीम, दक्षता आदीका आधारमा पेशालाई वर्गिकरण गरिएको छ । नेपालमा एउटै कामदार २/३ पेशामा संलग्न भएको पाइन्छ । त्यस्तो अवस्थामा कामदारले जुन पेशामा बढी समय खर्चेको हुन्छ वा बढी आयआर्जन गरेको हुन्छ त्यसैलाईनै मूख्य पेशा मानिएको छ (केन्द्रिय तथ्याङ्क विभाग, २०५६) । बसाइसराई प्रक्रियाले मानिसको जातीगत पेशा छनोटमा प्रत्यक्ष प्रभाव पारेको देखिन्छ । परम्परागत पेशा अपनाईरहेको मानिसहरु पनि नयाँ ठाउँमा रोजगारी छनौटको पर्याप्त अवसर हुने भएकाले क्षमताका आधारमा पेशा अपनाइरहेको देखिन्छ । यस अध्ययन क्षेत्रमा देखिएको जातिगत आधारमा रहेको पेशाको अवस्थालाई निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका २ : जातजाती र पेशाका आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | जात | पेशा | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कृषि | | नोकरी | | व्यापार | | अध्ययन | | जम्मा % |
| १. | ब्राह्मण | ३ | ६.६७ | ३ | ६.६७ | २ | ४.४४ | १ | २.२२ | २० |
| २. | क्षेत्री | ३ | ६.६७ | १ | २.२२ | १ | २.२२ | ३ | ६.६७ | १७.७८ |
| ३. | मगर | ३ | ६.६७ | ५ | ११.११ | १२ | २६.२७ | २ | ४.४४ | ४८.८९ |
| ४. | नेपाली | - | - | - | - | - | - | २ | ४.४४ | ४.४४ |
| ५. | बि.क. | १ | २.२२ | - | - | ३ | ६.६७ | - | - | ८.८९ |
| जम्मा | | १० | २२.२३ | ९ | २०.०० | १८ | ४०.०० | ८ | १७.७८ | १०० |

*स्रोत: स्थलगत सर्वेक्षेण २०८०*

नेपाल कृषि प्रधान देश हो जहाँ अझैं पनि ८१ प्रतिशत मानिसहरु कृषिमा आधारित छन् । जुन पेशा विभिन्न जातका मानिसहरुले अपनाएको पाइन्छ । यस अध्ययनमा समानुपातिक रुपमा नमुनाका रुपमा लिइएका उत्तरदाता मध्ये व्यापार पेशा अपनाउने मानिसहरुको सँख्या धेरै देखिन्छ । पेशागत विवरणमा महिला र पुरुषको धेरै सँख्या व्यापारमा क्रियाशिल रहेको देखिन्छ। अध्ययनमा महिला र पुरुष दुबैको बराबर सहभागीता रहेको देखिन्छ । ब्राम्ह्णको परम्परागत जातीय पेशामा भने असर पारेको देखिदैन । बसाइसराई पनि पुरोहित कार्यमा संलग्न भएको देखिन्छ। नेपाल कृषि प्रधान देश भएपनि कृषि पेशा अपनाउनेको संख्या सबै जातिको समान देखिन्छ । सरकारी नोकरी अपनाउने मानिसहरुमा मगर समुदायका मानिसहरु बढी देखिन्छ । बसाइसराई पछि मगर जातिका मानिसहरुको जातिय पेशामा परिवर्तन आएको देखिन्छ । नेपाली जातीले परम्परागत पेशालाईनै अपनाएको देखिन्छ । यहाँका मानिसहरुले विशेष गरी विद्युत गृह, बैंक,अदालत,खानेपानी नगरपालीका कार्यालय आदी कार्यालयमा नोकरी गरेको देखिन्छ ।

### ४.१.३ पेशा र शिक्षाको आधारमा उत्तरदातको विवरण

पेशाले मानिसहरुको जीवनस्तरलाई प्रभाव पार्दछ । समाजमा मानिसहरुले विभिन्न पेशा अपनाएका हुन्छन् । पूर्व अध्ययनले शिक्षित मानिसहरु बढीजसो १५-३० वर्षका मानिसहरु

स्थायी खालको बसाई सर्ने गर्दछन् भने कम शिक्षित मानिसहरु मौसमी रुपमा बसाई सर्ने गर्दछन् । तर नयाँ अध्ययनले राम्रो शिक्षा भएका मानिसहरुले बसाइसराईलाई बहिस्कार गर्न सक्दछन् भन्ने देखाएको छ (Deshinkar and Grimm, 2005) यस अध्ययनमा पेशा बसाइसराईसंग जोडिएको छ । शिक्षाले मानिसलाई नयाँ नयाँ अवसर प्रदान गर्ने रोजगारीको छनौटको अवसर प्राप्त हुने वा प्रयाप्त रोजगारी हुने गर्दछ । शिक्षा प्राप्त गर्नका लागी मानिसहरु शहरी क्षेत्रमा बसाइसराई गर्न थालेको देखिन्छ । जिविकोपार्जनका लागी उपर्युक्त रोजगारीको खोजिमा मानिसहरु एक ठाउँबाट अर्को ठाउँमा जाने गर्दछन् । त्यसैले यहाँ बसाइसराई प्रक्रियामा पेशा र शिक्षाको अवस्थाले प्रभाव पार्ने भएकाले उत्तरदाताको शैक्षिक र पेशागत अवस्थालाई उल्लेख गरिएको छ ।

**तालिका ३ : पेशा र शिक्षाको आधारमा उत्तरदाताको विवरण**

| क्र.सं. | पेशा | शिक्षा | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | नि | % | सा | % | प्रा.वि. | % | नि.मा.वि. | % | मा.वि. | % | स्नातक | % |
| १. | कृषि | ३ | ६.६७ | ६ | १३.३३ | १ | २.२२ | - | - | - | - | - | - |
| २. | व्यापार | १ | २.२२ | ५ | ११.११ | ५ | ११.११ | ३ | ६.६७ | ४ | ८.८९ | - | - |
| ३. | नोकरी | - | - | २ | ४.४ | ३ | ६.६ | ३ | ६.६ | - | - | - | - |
| ४. | अध्ययन | - | - | - | - | - | - | - | - | ६ | १३.३ | २ | ४.४ |
| जम्मा | | ४ | ८.८९ | १३ | २८.८९ | ९ | २०.०० | ६ | १३.३३ | १० | २२.३३ | २ | ४.४ |

*स्रोत : स्थलगत सर्वेक्षण २०८०*

तालिका नं. ३ मा नि.मा.वि. तह भन्दा माथिको तहमा अध्ययन गरेका मानिसहरु कृषि पेशामा आवद्ध भएको देखिदैन । प्राथमिक तह देखी तलको शैक्षिक योग्यता भएका मानिसहरु मात्र कृषि पेशामा संलग्न भएको देखिन्छ । व्यापार व्यवसायमा माध्यमिक तह पुरा गरेका तथा यस भन्दा तलका शैक्षिक योग्यता भएका मानिसहरु समेतको संलग्नता रहेको देखिन्छ । यस बाहेक शैक्षिक योग्यता कम भएका मानिसहरु पाले, पहरेदार र पियन जस्ता पेशामा आवद्ध भएको पाइयो । परम्परागत पेशामा परिवर्तन आउँदै गरेको पाइयो । जस्तै कृषि गर्दा उत्पाादनका लागी रसायनिक मल, कृषि कार्यालयबाट उत्पादन हुने किसिमका बिउबिजनहरुको प्रयोग गर्दै उत्पादन बढाउने कार्यमा लागेको देखियो । त्यस्तै

समाजमा हिजोका दिनमा एउटै पेशा कृषि अंगाल्ने परिवारले अहिले आयर यसको वैकल्पिक पेशा (व्यापार, व्यवसायिक पशुपालन) अंगाल्न थालेको देखियो । यसबाट के देखिन्छ भने बसाइसराईका कारण परम्परागत पेशामा विस्तारै विस्तार परिवर्तन ल्याउन थालेको देखिन्छ । हिजोका दिनहरुमा कृषि, मेला, पर्म, मजदुरी गरेर जीविका चलाउने परिवार आज आएर व्ययसायिक कृषि, व्यापार तथा अन्य उत्पादनमूलक पेशामा संलग्न हुने गरेको देखिन्छ । शैक्षिक अवस्थाले रोजगारी वा पेशामा प्रभाव परेको देखिन्छ । कम पढेका वा नपढेका मानिसहरु कृषि र पशुपालनमा संलग्न भएको देखिन्छ भने शिक्षित मानिसहरु अध्ययनमा आवद्ध रहेको देखिन्छ । साथै व्यापारमा भने निरक्षर देखी राम्रो शैक्षिक अवस्था भएका मानिसहरु संलग्न भएको देखिन्छ । कृषि पेशामा शिक्षित मानिसको संलग्नता नरहेको देखिन्छ । बसाइसराई प्रक्रिया संगै बहुसंख्यक मानिसहरु व्यापार तर्फ आकर्षित भएको देखिन्छ । कृषिमा पनि तरकारी खेती तथा नगदे बालीहरु उत्पादन गर्ने गरेको अध्ययनबाट देखिन्छ ।

### ४.१.४ धर्म र जातजातीका आधारमा उत्तरदाताको विवरण

धर्म भनेको मानिसले पहिले देखिनै धारण गर्दै आएको मान्यता हो । नेपालको हरेक समाजमा विभिन्न धर्म मान्ने मानिसहरु बसोबास गरिरहेका छन् । भगवान् शिव, कृष्ण, देवी दुर्गा, लक्ष्मीलाई देवदेवताका रुपमा पुज्ने तथा गितालाई धार्मिक ग्रन्थका रुपमा मान्ने धर्म हिन्दु धर्म हो भने भगवानका रुपमा जिसस काइष्टलाई मान्ने धर्म क्रिस्चियन धर्म हो मूलतः नेपालको २०७८ को जनगणना अनुसार नेपालमा धार्मिक समूह हिन्दु, बौद्ध, स्लाम, शिख, जैन, प्रकृत, बोन, बहाई, क्रिस्चियन र किरात धर्म आदी गरी १० वटा धर्म मान्ने मानिसहरु बसोबास गर्दछन् । यि विभिन्न धर्मावलम्वीमध्ये हिन्दु धर्म मान्ने सबै भन्दा बढी ८१.३ प्रतिशत र सबैभन्दा कम प्रतिशत शिख ६०९ जना धर्म मान्ने मानिसहरु रहेका छन् । बसाइसराई कार्यसंगै धर्म पनि परिवर्तन हुन सक्ने भएकाले धर्मलाई महत्वपूर्ण रुपमा लिइएको छ । शहरीकरण र आधुनिकिकरण संगै हिन्दु तथा बौद्ध धर्म मान्ने मानिसहरुले क्रिस्चियन धर्म मान्न थालेको पाइन्छ । वीरेन्द्रनगर नगरपालीकामा भने मूलतः हिन्दु र क्रिस्चियन धर्म मान्ने मानिसहरु बसाइसराई गरेर आएको देखिन्छ । जसलाई निम्नानुसार तालिकामा प्रस्तुत गरिएको छ ।

**तालिका ४ : धर्म र जातजातीका आधारमा उत्तरदाताको विवरण**

| क.सं. | धर्म | जात | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | ब्राम्हण | | क्षेत्री | | मगर | | नेपाली | | बि.क. | |
| १. | हिन्दु | २१ | ३७.५० | १७ | ३०.३५ | ६ | १०.७१ | २ | ३.५७ | १ | १.८० |
| २. | क्रिस्चियन | | | २ | ३.५८ | ३ | ५.३५ | ३ | ५.३५ | १ | १.८० |
| जम्मा | | २१ | ३७.५० | १९ | ३३.९३ | ९ | १६.०६ | ५ | ८.९२ | २ | ३.६ |

*स्रोत : स्थलगत सर्वेक्षण २०८०*

हिन्दु धर्म मान्ने मानिसहरु क्रिस्चियन धर्म मान्ने भन्दा ८६ प्रतिशतले बढी देखिन्छ । यहाँ क्षेत्री र मगर जातीका मानिसहरु भएपनि उनीहरु क्रिस्चियन धर्मको दर्शन अनुसार बाइबल पढ्ने, चर्च जाने, रातो टिका नलगाउने, पुजापाठ नगर्ने गरी हामी हिन्दु नभई क्रिस्चियन नै हौं भन्ने धारणा राखेका छन् । क्षेत्री र मगर जातको भएपनि हिन्दुका देवीदेवता नमान्ने र चाडपर्वहरु नमनाउने गर्दछन् । यद्यपी शिक्षित तथा व्यापार व्यवसायमा संलग्न भएका मानिसहरु हिन्दु धर्मलाई पनि आत्मसाथ गरेको देखिन्छ । हिन्दु धर्म मान्ने मानिसहरुको घर तथा पसलमा मन्दिर बनाएको देखिन्छ । जुनसुकै धर्मको भएपनि उद्यम व्यवसायमा संलग्न भएका मानिसहरु एकआपसमा भाइचारा स्थापित गरेर बसेको देखिन्छ ।

### ४.२ बसाइसराइका कारण

मनिसहरुलाई बसाइसराइ गर्नका लागि विभिन्न तत्वहरुले प्रेरित गरेको हुन्छ । यस अध्ययनमा बसाइसराइ गर्न बाध्य गराउने र प्रेरित गर्ने तत्वहरुलाई निम्न अनुसार उपशीर्षकमा राखी व्याख्या गरिएको छ ।

### ४.२.१ बसाइसराइ गर्न बाध्य गराउने विकर्षण तत्वहरु

बसाइसराइ एक सामाजिक घटना हो । जुन समाजमा निरन्तर रुपमा घटिरहेको हुन्छ । मानिसहरु आफु बसेको स्थानमा आभारभुत आवश्यकता पुरा गर्न नसकेपछि अन्य सुविधा सम्पन्न स्थानमा बसाइसरि जाने गर्दछन् । आफ्नो जन्मेको ठाउँमा रोजगारीको अवसरको अभावका कारण छोड्ने गर्दछन् । गरिबीमा रहेका मानिसहरु छोटो दुरीमा बसाइ सर्ने गर्दछन् । किनकी तिनीहरुले परिवारका सदस्य तथा आफैले गाउँबाट खाद्यान्न ल्यायर

जीविकोपार्जन गर्दछन् । त्यसैले उनीहरु लामो दुरीमा बसाइ सर्न चाहादैनन् । केही भने गरिब परिवार भए पनि शैक्षिक अवसर र रोजगारीको अवसर प्राप्त हुने अवस्थामा भने मानिसहरुले बसाइ सरेका हुन्छन् (गुरुङ्ग, २००८) । बढी जसो बसाइ सर्ने मानिसहरु आफ्नो जन्मस्थानमा भएको आर्थिक असफलताको कारण बसाइ सरेका छन् । केही उत्तरदाताले शिक्षा प्राप्त गर्न सामाजिक हैसियत र सामाजिक हैसियतलाई बुझ्न बसाइ सरेको उल्लेख गरेका छन् (गौतम, १९९९) । बाढीपहिरो, महामारी र द्वन्द आदी जस्ता विपित्तीबाट बच्नको लागी पनि मानिसहरु बसाइसराई गर्दछन् । त्यसैले बसाइसराई समाजमा हुने उथलपुथलका कारण बढी हुने गरेको छ । बसीरहेको क्षेत्रमा आर्थिक अभाव, स्रोत साधनको अभाव र जागिरको अवसर नभएको ग्रामीण क्षेत्रबाट मानिसहरु बसाइसराई गर्ने गर्दछन् । आजको नयाँ प्रविधि र विज्ञानको युगमा परम्परागत कृषि प्रणालीमा आधारीत जीवन भन्दा आधुनिक सुविधायुक्त कृषि प्रणालीमा आधारीत सहज तरिकाले मानिसहरुले कृषि गर्न थालका कारण पनि बाटोको सुविधा भएको ठाउँमा बसाइ सर्न थालेको देखिन्छ । मानिसहरु असहजताबाट फाइदा र सहजताका लागी आफ्नो जन्म थलो छोडेर अन्यत्र आएका हुन्छन् । विभिन्न ठाउँबाट बसाइ सरेर आएका मानिसहरुलाई किन तपाईं आफ्नो गाउँ छोडेर आउनु भयो ? भनेर सोध्दा बढीजसो उत्तरदाताले शहरी सुविधाको अभाव, उच्च शिक्षाको अभाव, यातायातको असुविधा, गरिबी र रोजगारीको अभाव, सशस्त्र द्वन्द आदीका कारण जन्मथलो छोडेर आएको उल्लेख गरेका छन् । बसाइसराईका यी विभिन्न कारण र मानिसहरुको प्रतिशतलाई तालिका नं. ५ मा निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका ५ : बसाइसराई गर्न बाध्य गर्ने (विकर्षक) तत्वहरु**

| **क्र.सं.** | **बसाइसराइका तत्वहरु** | **जम्मा** | **प्रतिशत** |
|---|---|---|---|
| १. | शहरी सुविधाको अभाव | ३२ | २६.४४ |
| २. | उच्च शिक्षाको अभाव | १८ | १४.८८ |
| ३. | न्यूनतम भूमी अभाव | ८ | ६.६२ |
| ४. | रोजगारीको अभाव | ६ | ४.९५ |
| ५. | यातायातको असुविधा | ७ | ५.७९ |
| ६. | भौगोलिक विकटता | १९ | १५.७० |
| ७. | उत्पादित सामाग्रीको बजार अभाव | २१ | १७.३५ |
| ८. | सशस्त्र द्वन्द | १० | ८.२६ |

*स्रोत : स्थलगत सर्वेक्षण २०८०*

यहाँ मानिसहरु किन बसाइसराइ सरेर आए भन्ने कुरालाई विश्लेषण गरिएको छ । २६.४४ प्रतिशत मानिसले शहरी सुविधाको अभावका कारण बसाइसराइ सरेको बताएकोले बसाइसराइ गर्ने महत्वपूर्ण कारण शहरी सुविधाको अभाव रहेको देखिन्छ । यसको तुलनामा जागीरको अवसर भौगोलिक विकटताको कारण बसाइसराइ गर्ने मानिसको सँख्या कम देखिन्छ । भौगोलिक विकटताको कारण बसाइ सर्ने मानिस भन्दा शहरी सुविधा नभएकाले बसाइसराइ गरेका मानिस लगभग ११ प्रतिशत बढी देखिन्छ । उच्च शिक्षाको अभावले बसाइ सर्नेको प्रतिशत भौगोलिक विकटताका कारण बसाइ सर्नेहरुको प्रतिशत आधाले कमी छ । यहाँ बसाइसराइ गर्नुका कारणहरुलाई संक्षेपमा निम्नानुसार उल्लेख गरिएको छ ।

### क) शहरी सुविधाको अभाव

कमजोर आर्थिक अवस्था भएका मानिसहरु व्यापार व्यवसाय गर्नका लागी तथा परिवारका सदस्यहरु, वैदेशिक रोजगारीमा आबद्ध भएका मानिसहरु सहर बजारतिर बसाइ सरेको बताएका छन् । सहरी सुविधाको अभावले विरेन्द्रनगर नगरपालिकामा २६.४४ प्रतिशत मानिसहरु अन्य स्थानबाट बसाइसराइ गरी आएको तथ्याङक छ । विशेषगरी दैलेख, जाजरकोट, कालिकोट, जुम्ला, अछाम, मुगु, हुम्ला, सल्यान र डोल्पाबाट विरेन्द्रनगरमा बसाइसराइ गरी आएका छन् ।

### ख) उच्च शिक्षाको अभाव

बसाइसराइ गर्न प्रेरित गर्ने महत्वपुर्ण तत्वमध्ये शिक्षा पनि एक हो । आधारभुत शिक्षाका लागी खासै समस्या नभएपनि उच्च शिक्षका लागि नजिकै विधालय नभएकाले छिमेकी जिल्लाहरु र गाउँपालिकाहरुबाट विरेन्द्रनगर नगरपालिकामा मानिसहरु बसाइ सरेको देखिन्छ । केही मानिसहरु बच्चाको एसइइ सकिएपछि उच्च शिक्षको लागि र केहि मानिसहरु बच्चालाई बोडिङ स्कुलमा पढाउनका लागी यहाँ बसाइसरेको पाइएको छ । १४.८८ प्रतिशत मानिसहरु शिक्षा प्राप्त गर्नकै लागि बसाइ सरेको देखिन्छ ।

### ग) न्यूनतम भूमीको अभाव

परिवारको आधारभूत आवश्यकता पुरा गर्नको लागी समेत जग्गाजमिन नभएकाले सुर्खेत जिल्ला भित्र र जिल्ला बाहिरका मानिसहरु वीरेन्द्रनगर नगरपालीकामा बसाइ सरेको देखिन्छ

। बारीमा फलेको अन्नले परिवारलाई खान पुग्ने थिएन । छोरो बिदेश गएको थियो र त्यो पैसाले नगरपालीकामा जग्गा किनेर बसेको दैलेखबाट बसाइ सरी आएका जयप्रसाद अधिकारीले बताए । भने केहीले बारी थोरै भएकाले अलिअलि कमाएको पैसाले यहाँ जग्गा किनेर घर बनाएपछि व्यापार गर्न सकिने भएकाले बसाइ सरेको बताए । ६.६२ प्रतिशत मानिसहरुले न्यूनतम भूमीको अभावका कारण बसाइ सरेको देखिन्छ । विशेष गरि कृषि पेशामा आवद्ध भएका मानिसहरु र जग्गा जमिन कम भएका मानिसहरु भूमिको अभावका कारण बसाइ सरेका छन् । उनीहरुको मासिक आम्दानी १० हजार भन्दा कम रहेको देखिन्छ ।

### घ) रोजगारीको अभाव

सहरमा शिक्षितले आफ्नो योग्यता अनुसारको काम पाउने र अशिक्षितले पनि ज्यालादारी काम पाउने भएकाले मानिसहरु रोजगारीको व्यापकता भएको सहरी क्षेत्रमा बसाइ सरेको पाइन्छ । विरेन्द्रनगरमा ४.९५ प्रतिशत मानिसहरु रोजगारीका लागि बसाइ सरेर आएका छन् ।

यसका साथै गरिबी, सन्चारको अभाव,न्युनतम खेतियोग्य जमिनको अभाव, भौगोलिक विकटता आदि समस्यमहरुका कारण पनि अन्य स्थानबाट विरेन्द्रनगर नगरपालिकामा मानिसहरु बसाइ सरेर आएका छन् ।

### ङ) यातायातको असुविधा

सडकले मानिसको जनजिवनलाई सहज बनाउने गर्दछ । गाउँमा बाटो नभएर बिरमी परेपनि लामो बाटो बोकेर लानुपर्दथ्यो, बजार थिएन खानेकुरा र अन्य अत्यावश्यक सामाग्रीहरु किन्नका लागि लामो बाटो हिडेर बजार आउनुपर्दथ्यो यसरी सडक सुविधा नभएकाले यस क्षेत्रमा ५.७९ प्रतिशत मानिसहरु बसाइ सरेर आएका छन् ।

### च) भौगोलिक विकटता

नेपालको भू-बनोट असमान छ । गाउँमा डाँडाकाँडामा हिँड्नु पर्ने, खाद्यान्न, राम्रो उब्जनी नहुने, पानी, कुलो, नहर आदीको अभावका कारण पनि मानिसहरु सहज भूगोल भएकाले

यस ठाउँमा बसाइसरेको बताए । त्यस्तै भौगोलिक असमानता वा विकटताका कारण वीरेन्द्रनगर नगरपालीकाको समतल भू-भागमा मानिसहरु बसाइ सरेको देखिन्छ । चौकुने, बराहताल, चिङ्गाड र सिम्ता गाउँपालिकाका मानिसहरु भौगोलिक विकटताका कारण बसाइ सरेका छन् । भौगोलिक विकटताका कारण बसाइ सर्ने मानिसहरु १५.७० प्रतिशत रहेका छन् ।

### छ)उत्पादित सामाग्रीको बजार अभाव

आफ्नो स्थानमा मानिसहरुले आफुले खानको लागि मात्रै नभइ केहि आयआर्जनको लागि पनि सानोतिनो उद्यम गरेको पाइन्छ । यदि ती उद्यमवाट उत्पादित सामाग्रीले बजार पाएन भने एकातिर उत्पादित सामाग्री बिग्रीएर जाने अर्को तिर आर्थिक अभावको चापले च्याप्दै जाने हुनाले , ग्रामीण उद्यमिहरु आप्ना उत्पादित बस्तुहरुलाइ बजार समक्ष पुऱ्याउनका लागि पनि एक स्थान बाट अर्को स्थानमा बसाइसराइ गर्दछन ।

## ४.२.२ बसाइसराइ गर्न प्रेरित गर्ने आर्कषक तत्वहरु

बसाइसराइ गर्नका लागी प्रेरित गर्ने सकारात्मक तत्वहरु आकर्षक तत्व हुन् । मानिस बसिराखेकको स्थानमा आवश्यकताको परिपुर्ति हुन नसकेपछि बसाइ सर्ने गर्दछन् । बसाइसराइ देशको समग्र विकासमा परिवर्तन ल्याउने तत्व हो । यसले व्यक्ति, परिवार, समाज र समग्र राष्ट्रमा सकारात्मक वा नकारात्मक परिवर्तन ल्याउने काम गर्दछ । बसाइसराइको सुरुवात नयाँ अवसरको खोजी गर्ने प्रकृयासंगै भएको हो । मुलतः सहरी सुविधा, खेतियोग्य जमिन, व्यापारिक क्षेत्रको सुविधा, यातायातको सुविधा र स्वास्थ्यको सुविधा आदिका कारण मानिसहरु गाउँबाट सहरतर्फ बसाइ सर्ने गरेको देखिन्छ । बसाइसराइका कारणहरुलाई समग्रमा निम्नानुसार उल्लेख गरिएको छ :-

**तालिका ६ : बसाइसराइ गर्न आकर्षित गर्ने तत्वहरु**

| क.सं. | बसाइसराइका कारण | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १. | शहरी सुविधा | ३४ | २८.०९ |
| २. | उच्च शिक्षाको अवसर | १६ | १३.२२ |
| ३. | खेतियोग्य जमीन | ७ | ५.७९ |
| ४. | व्यापारिक क्षेत्रको सुविधा | २२ | १८.१९ |
| ५. | यातायातको सुविधा | १० | ८.२७ |
| ६. | भौगोलिक सुगमता | १४ | ११.५८ |
| ७. | बजार प्रबर्द्धनको सुविधा | १८ | १४.८८ |

*स्रोत : स्थलगत सर्वेक्षण २०८०*

यस तथ्याङ्कलाई हेर्दा करिब २८ प्रतिशत भन्दा बढी मानिसहरुले शहरी सुविधालाई बसाइसराइको आकर्षक तत्व मानेको देखिन्छ । त्यसैले यसलाई बसाइसराइको महत्वपूर्ण कारण मान्न सकिन्छ । भौगोलिक सुगमता व्यापारिक क्षेत्रको सुविधा उच्च शिक्षाको अवसर आदीका कारण बसाइसरेका छन् । यस तथ्याङ्क हेर्दा धेरै मानिसहरु सुविधायुक्त क्षेत्रमा बस्न चाहन्छन् । सम्पूर्ण जनसङ्ख्याको आधा मानिसहरु उच्च शिक्षाको सुविधा भएकाले बसाइसरेको देखिन्छ । यस नगरपालीकामा उद्यम व्यवसाय गर्न चाहने मानिसहरु बजारको राम्रो सुविधा भएका कारण यहाँ बसाइसरेको देखिन्छ । व्यापारिक सुविधाका कारण बसाइसर्ने मानिसहरु ५० प्रतिशतको नजिक देखिनुले दैनिक जीविकोपार्जनका लागी व्यापार गर्न सकिने भएकाले पनि मानिसहरु यहाँ बसाइसराइ गरेको भन्न सकिन्छ । बसाइसराइका कारणहरुलाई समग्रमा निम्नानुसार उल्लेख गरिएको छ ।

### क) शहरी क्षेत्रको सुविधा

यस नगरपालिकामा खेतिपातिमा धान,गहुँ, मकै र तरकारीका अतिरिक्त व्यापार व्यवसाय पनि गर्न सकिने भएकाले यो बसाइसराइको उचित गन्तव्य स्थल बनेको देखिन्छ । २८.०९ प्रतिशत मानिसहरु सहरी क्षेत्रमा विभिन्न सुविधा शिक्षा, स्वास्थ्य, व्यापार, रोजगारी आदिको

सुविधा भएकाले अन्य विभिन्न छिमेकी जिल्लाका मानिसहरु विरेन्द्रनगर नगरपालिकामा बसाइ सरेर आएका छन् ।

### ख) उच्च शिक्षाको अवसर

छोराछोरीलाई उच्च शिक्षा दिनका लागि मानिसहरु यस क्षेत्रमा बसाइ सरि आएको देखिन्छ । छोराछोरी कलेज वा बोडिङ पढाउका लागि यहाँ आएर बस्न थालेको बताएका छन् । १३.२२ प्रतिशत मानिसहरु शिक्षा प्राप्त गर्नकै लागि बसाइ सरेको देखिन्छ ।

### ग) खेतियोग्य जमिन

नेपालका ८० प्रतिशत भन्दा बढी मानिसहरु कृषिमा आधारित भई जीविकोपार्जन गरिरहेका छन् । यस नगरपालिकामा तरकारी बाली लगाउन खेतियोग्य जमिन भएकाले सजिलो हुने भएकोले बसाइसराइ गरेको बताउनेहरु पनि छन् । यस अध्ययनमा ५.७९ प्रतिशत मानिसहरु खेतियोग्य जमिन भएका कारण बसाइसरेको देखिन्छ ।

### घ) व्यापारिक क्षेत्रको सुविधा

व्यापार व्यवसाय गर्नकै लागी यस वडामा सुर्खेत जिल्ला भित्र र जिल्ला बाहिरका मानिसहरु बसाइसरी आएका छन् । १२१ वटा साना ठूला व्यवसायहरु यस वडामा रहेका छन् । अन्यत्रको तुलनामा बजार व्यवस्थापनको राम्रो सुविधा भएकाले १८.१९ प्रतिशत मानिसहरु व्यापार गर्नकै लागी यस क्षेत्रमा बसाइसरी आएको देखिन्छ ।

### ङ) यातायातको सुविधा

नेपालको प्रायः ग्रामीण भेगमा यातायातको सुविधा अझै पुगेको छैन त्यसमा कर्णाली प्रदेश त सबैभन्दा दुर्गम क्षेत्र भएकाले यहाँका धेरैजसो ठाउँमा यातायातको पहुँच छैन । त्यसैले ग्रामीण जनजिवनबाट मानिसहरु सहरी क्षेत्रमा बसोबास गर्न थालेका छन् । दैलेख, जाजरकोट, कालिकोट, जुम्ला, अछाम, मुगु, हुम्ला, सल्यान र डोल्पाबाट विरेन्द्रनगरमा बसाइसराइ गरी आएका छन् । खानेकुरा र अन्य अत्यावश्यक सामाग्रीहरु किन्नका लागि लामो बाटो हिडेर बजार आउनुपर्दथ्यो यसरी सडक सुविधा नभएकाले यस क्षेत्रमा ८.२७ प्रतिशत मानिसहरु बसाइ सरेर आएका छन् ।

### च) भौगोलिक सुगमता

समथर भुभाग भएको यस नगरपालिकामा मानिसहरु भौगोलिक सुगमता भएका कारणले बसाइ सरेको देखिन्छ । घरमा भएका बालबच्चा र बृद्धबृद्धाहरु एकालो ओरालो गर्न नसक्ने भएकाले र बिरामी परेमा उपचार पनि सहजै पाउने भएकाले यस क्षेत्रमा मानिसहरु बसाइसराइ गरेर आएको देखिन्छ । ११.५८ प्रतिशत मानिसहरु भौगोलिक सुगमता भएका कारणले बसाइ सरेको तथ्याङक देखिन्छ ।

### छ) बजार प्रर्वद्धनको सुविधा

मानिसहरु जब एकठाँउ बाट अर्को स्थानमा बसाइसरि आउनेबारे सोच्दछन तब उनिहरुले गन्तब्य स्थानमा गएर के गर्ने भन्ने बारे पनि प्रष्ट योजना तयार पारि सकेका हुन्छन । यस्तै योजना अर्न्तगत विरेन्द्रनगरमा बसाइसरि गएपछि म उद्यमि बन्छु भन्नेहरुका लागि पनि यो स्थान बरदान सावित भयको छ । एक त कर्णाली प्रदेशको राजधानी विरेन्द्रनगरमा मानिसहरुको चाप बढि र आफ्नो उत्पादित बस्तुहरुलाइ बजार समक्ष पुऱ्याउनका लागि पनि राम्रो बजार प्रर्वद्धनको व्यवस्था भएकाले मानिसहरु यहाँ उद्यम व्यावसाय गर्नकै लागि पनि अन्यत्र स्थानबाट यस स्थानमा बसाइसरि आएका छन । यहाँ १४.८८ प्रतिशत मानिसहरु उद्यमशिलता गर्नकै लागि बसाइसराई गरि आएका छन् ।

### ४.२.३ बसाइसराइ र उद्यम सुरु गर्ने प्रकृयामा निर्णयकर्ता

हरेक क्षेत्रमा नयाँ कामको थालनी गर्दा कहाँ र कसरी गर्ने भनी निर्णय गर्ने विषय महत्वपूर्ण पक्ष हो । वसाइसराइ पनी मानिसको जीवनको महत्वपूर्ण घटना भएकाले यस अध्ययनमा वसाइसराइ गर्ने र उद्यमशिलता सुरु गर्ने प्रकृयामा कसको सल्लाह , सुझाव र निर्णय रहेको छ भन्ने विषयलाइ यहाँ उल्लेख गरियको छ । वसाइसराइ गर्ने र उद्यमशिलता सुरु गर्नका लागि यस क्षेत्रको वारेमा कसबाट जानकारि लिनुभयो ? यहाँ आफै , श्रीमान , श्रीमती , परिवार , आफन्त , साथीभाइ मध्ये कसको सल्लाहमा वसाइसराइ गर्ने र उद्यमशिलता सुरु गर्ने निर्णय कसले गर्नु भएको हो ? भनी गरिएको प्रश्नमा धेरै उत्तर दाताहरुले आफैले बुझेर वसाइसराइ गर्ने र उद्यमशिलता सुरु गरेको उल्लेख गरेका छन । पेहि उत्तरदाताले परिवार सबैको सल्लाह र केहिले साथिभाइ सँग सल्लाह गरेर वसाइसराइ गरेको र

उद्यमशिलता सुरु गरेको उल्लेख गरेका छन् । जसलाइ निम्न अनुसार तालिकामा तथ्याङ्क सहित उल्लेख गरिएको छ :

**तालिका ७ : साइसराइ र उद्यम सुरु गर्ने प्रकृयामा निर्णयकर्ता**

| क.स | वसाइसराइ र उद्यमशिलतामा निर्णय कर्ता | उत्तरदाता | प्रतिशत % |
|---|---|---|---|
| १ | आफैँ | ३८ | ६७.८६ |
| २ | साथीभाइ | ८ | १४.२८ |
| ३ | परिवारको सल्लाह | १० | १७.८६ |
| जम्मा | | ५६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०८०*

१०० उत्तरदाता मध्ये ६५ प्रतिशतभन्दा बढी उत्तरदाताले आफ्नै निर्णयमा वसाइसराइ र उद्यम गरेको उल्लेख गरेका छन् भने परिवारका सदस्यहरुको सल्लाहमा वसाइसराइ र उद्यम गर्नेहरु १७.८६ प्रतिशत रहेका छन् । साथिभाइको सल्लाहमा वसाइसराइ र उद्यम गर्नेहरुको प्रतिशत १४.२८ मात्र देखिन्छ । त्यसैले वसाइसराइ र उद्यम गर्ने विषयमा मानिसहरु आफै सम्बन्धीत ठाँउमा गएर आफ्नै निर्णयले वसाइसराइ र उद्यम गर्ने गरेको देखिन्छ ।

### क) आफैँ

वीरेन्द्रनगर नगरपालिकाको माथिल्लो भेग गोठीकाँडा , वयलकाँडा , राम्चे , मेहेलपानि , गढी , धनिगाड , लेकगाड , अवलचिङ , लेकपराजुल आदि स्थान बाट मानिसहरु वीरेन्द्रनगरमा औलो उन्मुलन भइसकेपछि आफै आइ नगरपालिकामा जग्गा किनेर वसोवास गरेको र उद्यम व्यवसाय सुरु गरेको वताउछन् । सानैमा पसलवाट किनमेल गरिने सामानहरु तेल , मसला , चिनि आदि वस्तु किन्न नगरपालिका आउनु पर्दथ्यो । यहाँ आउदाँ जादा यहाँको सुविधा देखेर यहाँ जग्गा किनेँ पछि घर वनाएर बस्न थाले र केहि समएपछि आफ्नै उद्यम व्यवसाय संचानल गरेर बस्न थालेँ भन्ने धारणा यहाँ का केहि मानिसहरुको रहेको छ । यस्तै धेरै मानिसहरु पहिलेदेखि नै आवत जावत भइरहेकोले यस ठाँउलाइ बसोबास र उद्यम व्यवसाय संचालनको लागि उचित स्थान मानेको देखिन्छ ।

परिवारका सदस्य वैदेशिक रोजगारीमा आवद्ध भएका , नगरपालिकामा नोकरि भएका मानिसहरु , एकात्मक ढाँचा भएका मानिसहरुले आफ्नै निर्णयमा वसाइसराइ र उद्यम सरु गरेको देखिन्छ ।

### ख) साथीभाइ

आफ्ना साथीहरु पहिले देखि नै नगरपालिकामा बसोवास गरि सानोतिनो उद्यम व्यवसाय गरेकाले उनिहरुकै सल्लाहमा यस ठाउँमा बसाइ सरि उद्यम व्यवसाय संचालन गरेको मानिसहरुको धारणा छ । विषेश गरी उद्यमीहरु जो केहि उद्यम व्यवसाय गरेर बस्न चाहन्थे त्यस्ता मानिसहरु आफ्ना साथीहरुको सल्लाहमा यस ठाउँमा बसाइ सरि उद्यम व्यवसाय संचालन गरेको देखिन्छ । यसबाहेक बयलकाँडाका मानिस पनि साथिभाइको सल्लाहमा विभिन्न सुविधा भएकाले यस ठाउँमा बसाइ सरि उद्यम व्यवसाय संचालन गरेको देखिन्छ । तुलनात्मक रुपमा कमजोर आर्थिक अवस्था भएका मानिसहरु , कृषी पेशामा आवद्ध भएका मानिसहरु , आफ्नै उद्यम गरि उद्यमि बन्न चाहरे मानिसहरु साथीको सल्लाहमा यस ठाउँमा बसाइ सरि उद्यम व्यवसाय संचालन गरेको देखिन्छ ।

### ग) परिवारको सल्लाहमा

परिवारका नातेदारहरु पहिलेदेखि यस ठाँउमा बसोबास गरिरहेका थिए । मेरो दिदि पनि तीन दशक देखि नगरपालिकामा वसि आफ्नो व्यवसाय गरिरहनु भएको थियो । परीवारका सदस्य भएको ठाँउमा वस्दा र व्यवसाय गर्दा सहज हुने भएकाले दैलेख बाट अन्यत्र बसाइसर्ने कुरा गर्दा परिवारका सवै जनाले दिदि बसेकै ठाँउ यस नगरपालिकामा बस्न र उद्यम व्यवसाय सुरु गर्न लाई सल्लाह गर्यौं । नगरपालिकामा वसोवास गरि  तरकारि व्यवसाय गरिरहेका रामलाल गिरिले वताए । यस ठाँउमा बयलकाँडा, गोठिकाँडा , गढि र जिल्ला बाहिरका अन्य जिज्लाहरु बाट उद्यम व्यवसाय सुरु गरेका मानिसहरु परिवारको सल्लाहमा वसाइसराइ र उद्यम व्यवसाय गरेका छन । व्यापार व्यवसाय मा आवद्ध भयका परिवार सदस्य वैदेशिक रोजगारिमा आवद्ध भयकाहरु र मासिक आम्दानि ५० हजारसम्म आम्दानि भयका यक भन्दा वढी आम्दानिको स्रोत भयका र शैक्षिक  दृष्टिले साक्षर मानिसहरु तथा सदरमुकामबाट लामो दुरिमा जन्मस्थान भयका मानिसहरु परिवारको सल्लाहमा वसाइसराइ गरि उद्यम व्यबसाय गरेको देखिन्छ ।

सुर्खेत जिल्लाका विविभिन्न स्थान र जिल्ला बाहिरका अन्य विभिन्न जिल्लाहरुबाट विरेन्द्रनगरमा आन्तरिक बसाइ सराइ गरि आउने मानिसहरुको संख्या दिनानुदिन बढ्दो रहेका छ । मानिसहरु विरेन्द्रनगरलाई नै किन आफ्नो गन्तव्य स्थल बनाइरहेका छन् ? भन्ने कुरामा भने एकातिर सहरी सुविधाले आकर्षण गरेको देखियो भने अर्कोतर्फ आफ्ना आफन्त छिमेकी साथीभाइहरु सोही स्थानमा बसोबास गरिरहेकाले गर्दा भोली गएर नयाँ समाजमा समायोजन हुन सकज होस् भन्ने सामाजिक कारण पनि उत्तिकै देखिएको छ ।

# अध्याय पाँच

## बसाइसराइले उद्यमशिलतामा पारेको प्रभाव

बसाइसराइ समाजमा भइरहने एक सामाजिक प्रकृया हो । बसाइसराइ र उद्यमशिलताबिच प्रत्यक्ष अन्तरसम्बन्ध रहेको हुन्छ । बसाइसराइमा संलग्न व्यक्ति तथा परिवारमा आर्थिक अवस्थामा पारेको प्रभाव बारे थाहा पाउन उनीहरुको पेशा, रोजगारी, आम्दानीको अवस्थालाई हेर्नुपर्ने हुन्छ । बसइसराईका प्रभावहरुमध्ये बसइसराइले आर्थिक क्षेत्रमा पार्ने प्रभाव महत्वपुर्ण मानिन्छ । बसइसराइले आर्थिक क्षेत्रमा पार्ने प्रभाव अन्तर्गत नै उद्यमशिलता पनि पर्दछ । बसइसराइले अँय विभिन्न क्षेत्रहरुमा जस्तै उद्यमशिलताको क्षेत्रमा पनि प्रत्यक्ष प्रभाव पार्दछ । बसइसराइले उद्यमशिलता विकास क्षेत्रमा पार्ने प्रभाव भन्नाले बसइसराइबाट मानिसको आर्थिक वा व्यवसायिक गतिविधिमा हुने परिवर्तनलाई बुभ्न सकिन्छ । मानिसहरु एक ठाउँबाट अर्को ठाउँमा जाने आउने गर्दा त्यस ठाउँमा हुने रोजगार, व्यापार व्यवसाय तथा आयआर्जनका कार्यहरुबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा प्रभावित हुन्छ । जसले गर्दा मानिसको जिवनशैलिका साथै व्यवसायिक (आर्थिक) अवस्थामा परिवर्तन हुन्छ । नेपालको सन्दर्भमा बसइसराइले मानिसको व्यवसायिक आर्थिक जीवनमा परिवर्तन ल्याएको पाइन्छ । नेपालमा आन्तरिक रुपमा हुने बसइसराइ खासगरि गाउँबाट सहरतर्फ र हिमालबाट सहर वा तराई तर्फ उन्मुख देखिन्छ । यस्तो किसिमको बसइसराइ जिविकोपार्जन र आयआर्जनको लागि हुने गरेको पाइन्छ ।

सहरमा हाम्दानी मुलक कार्यहरु बढी हुनुका साथै उद्यम व्यवसायको लागि पनि धेरै अवसरहरु वा प्रतिकुल वातावरण वा स्थान हुने हनाले आर्थिक समुन्नतिका लागि मानिसल् स्थायी वा अस्थायी बसोवास गर्ने गरि बसइसराइ गरेको पाइन्छ । उद्यम व्यवसाय संचालनकै लागी हुने गरेको बसइसराइले मानिसको व्यक्तिगत र राष्ट्रिय अर्थतन्त्रलाई समेत टेवा मिलेको हुन्छ । नेपालमा अन्य रोजगारीका अवसरहरु कम भएकाले मानिसहरु सानो ठुलो लगानी लगाएर आफ्नै उद्यम व्यवसायतर्फ आकर्षित देखिन्छन् । जसको कारण उनिहरुको व्यक्तिगत तथा पारिवारिक आर्थिक अवस्थामा समेत परिवर्तन आएको छ, भने केहि हदसम्म राष्ट्रिय आम्दानीमा पनि वृद्धि भएको छ । उद्यमशिलता विकासले देशको

आर्थिक अवस्थामा पनि ठुलो टेवा पुऱ्याएको छ । यसरी हेर्दा बसइसराइले उद्यमशिलता विकासमा विशेष प्रभाव पार्दछ भन्ने कुरा स्पस्ट हुन्छ (https://www.globalaawaj.com)।

त्यसैले बसाइसराइमा संलग्न व्यक्ति तथा परिवारमा उद्यमशिलताका पक्षमा के कस्ता परिवर्तनहरु आएका छन् भनेर आर्थिक पक्षलाई खोज तथा विश्लेषण गर्ने प्रयास गरिएको छ । उनीहरुको उद्यमशिलताको क्षेत्रमा देखा परेको प्रभावको बारेमा विस्तृत रुपमा चर्चा गरिएको छ ।

## ५.१ मूख्य आम्दानीको स्रोत

आम्दानी जीवनयापनको महत्वपूर्ण इन्धन हो । आम्दानी विशेषतः कुनैपनि व्यक्ति वा परिवारले गरेको पेशाको आधारमा संकलित नगद वा जिन्सिलाई बुझ्न सकिन्छ । यो प्रत्यक्ष रुपले रोजगारसँग सम्बन्धित हुन्छ । आम्दानी अनुसार मानिसको जीवनस्तर निर्माण हुन्छ । त्यस्तै आम्दानी बसाइसराइ प्रकृयासँग सम्बन्धित देखिन्छ । किनभने कुनैपनि परिवारको आम्दानीले उनीहरुको जीविका चल्न नसकेपछि नयाँ रोजगारीका अवसरहरुको खोजिमा मानिसहरु बसाइसर्ने गर्दछन् । वीरेन्द्रनगर नगरपालीका वडा नं. १ मा पनि जिल्ला भित्र र जिल्ला बाहिरका विभिन्न स्थानबाट आयआर्जन बढाउनका निम्ती उद्यम व्यवसाय सञ्चालन गर्ने उद्धेश्यले यस क्षेत्रमा आएका मानिसहरु पनि छन् ।

### ५.१.१ उत्तरदाताको पूर्व आम्दानीको स्रोत

पूर्व आम्दानीको स्रोत भन्नाले कुनैपनि व्यक्तिले आफ्नो जीवनयापनका लागी अपनाएको अहिले भन्दा पहिलेको कार्य भन्ने बुझिन्छ । जुन व्यक्ति स्वयं र उसको पारिवारिक जीविकासँग सम्बन्धित हुन्छ । आम्दानीको अवस्थाले मानिसको सामाजिक स्तर समेतलाई निर्धारण गर्दछ । मानिसले परिवारमा बसोबास गरेपछि केही न केही काम गरेको हुन्छ । गाउँमा बसोबास गर्दा एकखालको पेशा अपनाएका हुन्छन् भने शहरमा बसोबास गरेपछि अर्को खालको पेशा अपनाएका हुन्छन् । यहाँ मानिसहरु शहरमा बसाइसर्नु अघि केकस्ता पेशामा आवद्ध भई जीविका चलाएका थिए भन्ने तलको तालिकामा उल्लेख गरिएको छ ।

**तालिका ८ : उत्तरदाताको बसाइसराइ पूर्व आम्दानीको स्रोत**

| क.सं. | आम्दानीको स्रोत | सङ्ख्या | प्रतिशत % |
|---|---|---|---|
| १. | खेतीपाती/कृषि | ३९ | ६९.६४ |
| २. | नोकरी | ८ | १४.२९ |
| ३. | व्यापार/व्यवसाय | ९ | १६.९८ |
| जम्मा | | ५६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०८०*

तालिका नं. ८ मा बसाइसराइ गर्नु पहिले धेरै मानिसहरुको आम्दानीको स्रोत कृषि रहेको देखिन्छ । कृषि मध्ये सबैभन्दा धेरै तरकारी खेति र त्यसपछि ऋमश धान, गहुँ, मकै आदी उत्पादनमा मानिसहरुको सहभागीता रहेको देखिन्छ । फलफूलमा आँप, अम्बा, लिच्चि, केरा आदी उत्पादन हुने गरेको देखिन्छ । यहाँका मानिसहरुले पशुपंक्षि पनि पालेका छन् । विशेष गरी बयलकाँडा, गोठीकाँडा, राम्चे, दैलेख, कालिकोटका मानिसहरुको आम्दानीको स्रोत कृषि रहेको देखियो । कृषिबाट मात्रै जीविकोपार्जन गर्ने मानिसको आर्थिक अवस्था सामान्य रहेको छ । फलाएको अन्नले वर्षभरी खान नपुग्ने मानिसहरुको संख्या उल्लेख्य देखिन्छ । व्यापार व्यवसाय गर्ने मानिसहरु भने गाउँमा पनि सडक छेउमा घर भएका र साना बजार नजिक घर भएकाहरु पाइयो । व्यापारबाट आम्दानी गर्ने मानिसहरुको जीवनस्तर राम्रो देखिन्छ । जग्गा जमिन १५ रोपनी भन्दा बढी रहेको छ । नोकरीबाट जीविका चलाउने परिवारका सदस्यहरु शिक्षित रहेको देखिन्छ ।

### ५.१.२ बसाइसराइपछि उत्तरदाताको मूख्य आम्दानीको स्रोत

बसाइसराइपछि मानिसहरुको आम्दानीको अवस्थामा प्रभाव परेको हुन्छ । मानिसहरुले पेशा व्यवसायको प्रकृतिको आधारमा कसैको बसाइसराइपछिको आय अवस्था राम्रो भएको हुन्छ भने कसैको सामान्य रहन्छ । यहाँ बसाइसराइपछि जीविकोपार्जनका लागी के कस्ता काम गरेका छन् भन्ने देखाइएको छ । यहाँपनि बसाइसराइ गरे पछि मानिसहरुको परिवारको मूख्य आम्दानीको स्रोतको बारेमा तालिका नं. ९ मा उल्लेख गरिएको छ ।

**तालिका ९ : बसाइसराइपछि उत्तरदाताको मूख्य आम्दानीको स्रोत**

| **क्र.सं.** | **आम्दानीको स्रोत** | **सङ्ख्या** | **प्रतिशत %** |
|---|---|---|---|
| १. | कृषि | १२ | २१.४२ |
| २. | व्यापार/व्यवसाय | २२ | ३९.२८ |
| ३. | नोकरी | १४ | २५.०० |
| ४. | अध्ययन | ८ | १४.२९ |
| जम्मा | | ५६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०८०*

तालिका नं. ९ मा सबै भन्दा बढी मानिसहरुको व्यापार व्यवसाय मूख्य आम्दानीको स्रोत रहेको देखिन्छ । सरकारी जागीर खाने मानिसहरुको सँख्या पनि धेरै देखिन्छ । बसाइसराइ गरेर आएका मानिसहरुले परम्परागत प्रकारको कृषिबाट गरिने आम्दानीका प्रकृया भन्दा नगद पैसा प्राप्त हुने खालका काम धेरै मानिसहरुले गर्न थालेको देखिन्छ । केही मानिसहरुले पेन्सनबाट जीविकोपार्जन गरिरहेका छन् भने केही परिवारको वैदेशिक रोजगारीबाट प्राप्त आम्दानीबाट जीविकोपार्जन गरिरहेका छनु । जीविकोपार्जनका लागी यस नगरपालीकाका मानिसहरु लघुउद्योग जस्तै काष्ठउद्योग र कुखुरा फार्मबाट पनि आम्दानी बढाइरहेको देखिन्छ । कृषि सँगै पशुपालन पनि गर्न थालेको देखिन्छ । बाखा पालन गर्ने मानिसहरुले भने थोरैको सँख्यामा बाखा पालेको देखिन्छ । यहाँका मानिसले बँगुर पनि पालेको देखिन्छ । गाई भैंसी पाल्ने मानिसहरुको सँख्या भने न्यून देखिन्छ । यहाँ उत्तरदाताको मूख्य आम्दानीको स्रोत मात्र उल्लेख गरिएको छ ।

## ५.२ आम्दानीको अवस्था

मानिसहरुले आफ्नो जन्म थलोबाट बसाइसरेर आइसकेपछि जीविकोपार्जनका क्रममा विभिन्न पेशा अपनाएका छन् र परिवारका सदस्यहरु मध्ये कोही वैदेशिक रोजगारीमा गएका कारण उनीहरुको मासिक आम्दानीमा बृद्धि भएको देखिन्छ भने कोही व्यापार गर्ने, कोही सरकारी पेशामा आवद्ध भएको पाइन्छ । यहाँका मानिसहरुको मासिक अवस्थालाई तलको तालिकामा देखाइएको छ ।

**तालिका १० : उत्तरदाताको मासिक आम्दानीको अवस्था**

| क्र.सं. | आय | उद्यम व्यवसाय सञ्चालन पूर्व | | उद्यम व्यवसाय सञ्चालन पछि | |
|---|---|---|---|---|---|
| | | घर सँख्या | प्रतिशत | घर सङ्ख्या | प्रतिशत |
| १. | १० हजार भन्दा कम | १५ | २७.७९ | ३ | ५.३५ |
| २. | २०,००० - २९,९९९ | ९ | १६.०७ | ६ | १२.५० |
| ३. | ३०,००० - ३९,९९९ | १७ | ३०.३५ | ११ | १९.६५ |
| ४. | ४०,००० - ४९,९९९ | १० | १७.८६ | १० | १७.८६ |
| ५. | ५०,००० भन्दा बढी | ५ | ८.९३ | २५ | ४४.६५ |
| जम्मा | | ५६ | १०० | ५६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण २०८०*

तालिका नं. १० मा उद्यम व्यवसाय सञ्चालन पूर्व मासिक आम्दानी ३०,००० देखी ४०,००० भन्दा कम कमाउने उद्यमीहरुको सङ्ख्या सबैभन्दा बढी देखिन्छ । भने मासिक ५०,००० भन्दा बढी कमाउने उद्यम व्यवसायीहरुको सङ्ख्या सबै भन्दा कम देखिन्छ । यसरी हेर्दा वीरेन्द्रनगर नगरपालीका वडा नं. १ मा अन्यत्रबाट बसाइसरी आएर उद्यम व्यवसाय सञ्चालन गर्दै आइरहेका व्यवसायीहरुको मासिक आम्दानीमा बृद्धि भएको देखिन्छ । यस क्षेत्रका मानिसहरुले मूख्य पेशा व्यवसाय उद्यमशिलतासँग सम्बन्धित रही गरेको देखिन्छ । उद्यम व्यवसायको समग्र नेपालको तथ्याङ्कसँग यस नगरपालीकाको तथ्याङ्क पनि मिल्न जान्छ । समग्र नेपालमै साना उद्यमीहरुको सङ्ख्या बढी छ भने यस वडामा पनि साना उद्यमीहरुकै सङ्ख्या बढी छ ।

## ५.३ आम्दानी र खर्चको अवस्था

अन्यत्रबाट बसाइसरी यस वडामा आएका र यहाँ आइ साना उद्यम व्यवसायहरु सञ्चालनमा संलग्न व्यक्ति तथा परिवारको आर्थिक विवरण विश्लेषण गर्दा उनीहरुको आम्दानी तथा खर्चको विवरण पनि उत्तिकै महत्वपूर्ण हुन्छ । बसाइसरी आउनु पूर्व वा उद्यम व्यवसाय सुरु गर्नु पूर्व धेरै मानिसहरुको परम्पारगत कृषि प्रणाली मात्र आम्दानीको मूख्य

आधार रहेको देखिन्छ । जसले मानिसहरुको जीविकोपार्जनमा समस्या रहेको देखाउँछ । कोदो धेरै फल्ने र धान र गहुँ कम फल्ने भएकोले मानिसहरुको वार्षिक उत्पादनले खान धौधौ परेको देखिन्छ । नगदे बाली लगाउने नगरेको र खाद्यान्न बाली बेच्न लामो बाटो हिँड्नु पर्ने भएकाले उत्पादित अन्न आफैले खाएर सिध्याउनु पर्ने अवस्था रहेको मानिसहरुको भनाई छ । जुम्ला, कालिकोट, दैलेख, जाजरकोट र अछाममा राम्रो उत्पादन नभएकाले त्यस क्षेत्रका मानिसहरु यस वडामा बसाइसरी व्यवसाय सञ्चालन गरिरहेका छन् । ग्रामीण क्षेत्रमा उद्यम व्यवसाय सुरु गरेपनि बजारको अभाव, सिचाईको अभाव, मल बिउको अभाव र यातायातको असुविधाका कारण मानिसहरु यस स्थानमा आई उद्यम व्यवसाय सुरु गरेको बताउँछन् । बसाराइ पछि मानिसहरुको आर्थिक अवस्थामा सकारात्मक प्रभाव परेको हुन्छ । उत्तरदाताको बसाइसराइ अघि र पछिको आम्दानी तथा खर्चको अवस्थालाई निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका ११ : बसाइसराइ गरेर आएका मानिसहरुको आम्दानीको अवस्था**

| क.सं. | आय | बसाइसराइ पुर्व | | बसाइसराइ पछि | |
|---|---|---|---|---|---|
| | | घर संख्या | प्रतिशत | घर संख्या | प्रतिशत |
| १ | १०,००० भन्दा कम | १७ | ३०.३५ | ३ | ५.३५ |
| २ | १०,०००-१९९९९ | १५ | २७.७९ | ६ | १२.५० |
| ३ | २०,०००-२९९९९ | १० | १७.८६ | १० | १७.८६ |
| ४ | ३०,०००-३९९९९ | ९ | १६.०६ | ११ | १९.६५ |
| ५ | ४०,००० भन्दा माथि | ५ | ८.९३ | २५ | ४४.६५ |
| जम्मा | | ५६ | १०० | ५६ | १०० |

*स्रोतः स्थलगत सर्वेक्षण, २०८०*

यहाँ उद्यम व्यवसाय सञ्चालन गरी व्यवसायको आम्दानी खर्च बराबर हुने र बचत हुनेहरुको सङ्ख्यालाई तथ्याङ्क सङ्कलनमा लिइएको छ । जसमा आम्दानी र खर्च बराबर हुने उद्यमीहरु भन्दा बचत हुने उद्यमीहरुको सङ्ख्या बढी रहेको छ । उद्यम व्यवसाय गर्दै आएका उद्यमीहरुलाई तपाँईको व्यवसायबाट आम्दानी खर्च बराबर हुन्छ कि, नाफा पनि गर्नुहुन्छ ? भन्ने प्रश्नको जवाफमा धेरै उत्तरदाताहरुले बचत हुने बताएका छन् । २५

प्रतिशत उद्यमीहरु आम्दानी र खर्च बराबर हुने छन् भने ७५ प्रतिशत उद्यमीहरु बचत पनि हुनेहरु छन् । धेरै प्रतिशत वा सबैभन्दा बढी उद्यमीहरुले केहीआम्दानी बचत गर्ने गरेको बताए । ठूलो व्यवसाय र पसल गरेका व्यवसायीहरुले आम्दानी बचत गर्न सकेका हुन् । यसरी हेर्दा बसाइसराइ पछि यहाँका मानिसहरुको आयआर्जनमा विविधता भएको देखिन्छ । पहिले कृषि मात्र पेशाका रुपमा अपनाएका मानिसहरु शहरी क्षेत्रमा आएपछि व्यापारमा संलग्न भएको देखिन्छ भने उनीहरुले कृषि कार्यलाई पनि सँगसँगै लगेका छन् । कृषि कार्य पनि आधुनिक प्रविधी बिउबिजनको प्रयोग गरि आय बढाउने वा व्यापार गर्ने प्रयोजनका लागी गरेको देखिन्छ । व्यवसायिक कुखुरा, गाई, भैंसी, बाखा, बंगुर र बट्टाई पालन पनि गरेको देखिन्छ । परिवारका प्राय सबै सदस्यहरुले कुनै न कुनै पेशा अपनाएका छन् ।

### ५.४ उद्यम व्यवसायको अवस्था

उद्यमशिलताका विभिन्न प्रकारहरु जस्तै साना व्यवसाय उद्यमशिलता, मापनयोग्य उद्यमशिलता, ठुला कम्पनी उद्यमशिलता, सामाजिक उद्यमशिलता (सामाजिक हकहितको निमित्त) मध्ये यस वीरेन्द्रनगर नगरपालीका वडा नं. १ मा साना व्यवसाय उद्यमशिलता बढी रहेको छ ।

**तालिका १२ : उत्तरदाताको उद्यम व्यवसायको अवस्था**

| क्र.सं. | व्यवसायको किसिम | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | कुखुरा पालन | १५ | २५ |
| २. | पशुपालन | ८ | १४.२८ |
| ३. | तरकारी खेति | १८ | ३० |
| ४. | ग्रिल उद्योग | ५ | ८.६७ |
| ५. | अन्य व्यवसाय | १० | १७.७९ |
| जम्मा | | ५६ | १०० |

*स्रोत : स्थलगत सर्वेक्षण, २०८०*

तालिका नं. १२ मा देहाय बमोजिमको तथ्याङ्कलाई हेर्दा सबैभन्दा बढी ३० प्रतिशत तरकारी खेतिमा संलग्न रहेको देखिन्छ । उर्वर माटो, सिचाईको सुविधा र बजारको व्यवस्था भएकाले

यहाँका किसानहरु तरकारी खेतिमा सबैभन्दा बढी लाभान्वीत भएको देखिन्छ । दोस्रो सबैभन्दा बढी सङ्ख्यामा उद्यमीहरु कुखुरापालनमा संलग्न रहेका छन् । सम्पूर्ण उद्यमीहरु करिब २५ प्रतिशत वा १५ वटा कुखुरा फार्म यस वडामा सञ्चालित छन्, जसमध्ये सबैभन्दा बढी १२ वटा ब्रोइलर कुखुरा फार्म छन् भने बाँकी ३ वटा बट्टाई, कडकनाथ र लोकल जातीका कुखुराहरु पाइने फार्म रहेका छन् । बजारको पहुँचले गर्दानै यहाँ उद्यमीहरु कुखुरापालन व्यवसायमा बढी आकर्षित भएको पाइन्छ । त्यसै गरि सम्पूर्ण उद्यमीको १७.७९ प्रतिशत उद्यमीहरु अन्य उद्यमशिलतासँग सम्बन्धित अन्य विभिन्न व्यवसायमा संलग्न रहेका छन् । अन्य व्यवसायमा निम्न व्यवसायहरु पर्दछन् । (१) दुध डेरी ६ वटा (२) किराना पसल ४० वटा (३) कष्मेटिक्स फेन्सि १० वटा (४) हार्डवेयर ८ वटा (५) भाँडा पसल ४ वटा (६) निर्माण कम्पनि ५ वटा (७) मेडिकल/भेटेरीनरी ६ वटा (८) पुस्तक पसल ३ वटा (९) होटल तथा खाजा घर १२ वटा (१०) टेलर्स १० वटा रहेका छन् । यस वडामा ग्रिल उद्योग ८.६७ प्रतिशत रहेका छन् । पशुपालनमा १४.२८ प्रतिशत मानिसहरु संलग्न रहेका छन् । पशुपालन अन्तरगत पनि (१) गाई पालन ३ (२) भैंसीपालन ३ (३) बंगुर पालन २ रहेका छन् ।

## ५.५ विभिन्न जिल्लाहरुबाट बसाइसराइगरी आएका उद्यमीहरुको विवरण

**तालिका १३ : विभिन्न जिल्लाहरुबाट बसाइसराइगरी आएका उद्यमीहरुको विवरण**

| क.सं. | जिल्ला | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | सुर्खेत | १५ | २६.८० |
| २. | दैलेख | १२ | २१.४२ |
| ३. | कालिकोट | १० | १७.८५ |
| ४. | जुम्ला | ८ | १४.२९ |
| ५. | अछाम | ५ | ८.९२ |
| ६. | मुगु | ३ | ५.३५ |
| ७. | हुम्ला | १ | १.७९ |
| ८. | जाजरकोट | २ | ३.५० |
| जम्मा | | ५६ | १०० |

यस अध्ययनमा जम्मा ५६ जना उद्यमीहरुलाई तथ्याङ्क सँकलनको नमुनाको रुपमा लिइएको छ । जसमध्ये सुर्खेत जिल्ला भित्रैका विभिन्न स्थानहरुबाट बसाइसरी आएका र यहाँ आई उद्यमशिलतामा आवद्ध रहेका उद्यमीहरुको प्रतिशत २६.८, दैलेखबाट बसाइसरी आएका २१.४२ प्रतिशत, कालिकोटबाट बसाइसरी आएका १७.८५ प्रतिशत, जुम्लाबाट बसाइसरी आएका १४.२९ प्रतिशत, अछामबाट बसाइसरी आएका ८.९२ प्रतिशत, मुगुबाट बसाइसरी आएका ५.३५ प्रतिशत, हुम्लाबाट बसाइसरी आएका १.७९ प्रतिशत र जाजरकोटबाट ३.५० प्रतिशत मानिसहरु यस स्थानमा बसाइसराइ गरेर आइ उद्यम व्यवसाय सञ्चालन गरिरहेका छन् । तपाईंहरु किन यस स्थानमा बसाइसरी आउनु भयो ? र यहाँ आइसकेपछि उद्यम व्यवसायीनै बन्ने सोच कसरी आयो ? भन्ने प्रश्नको जवाफमा उत्तरदाताहरुले आफु पहिले बसीरहेको ठाउँमा जीविकोपार्जन गर्न गाह्रो भएको, बालबालिको स्वास्थ्य, शिक्षामा पहुँच नपुग्ने र आवश्यक पूर्वाधारहरुको कमी भएकाले यस स्थानमा बसाइसरेको र यहाँ आइसकेपछि बजारको राम्रो व्यवस्थापन देखेर विदेश जानुभन्दा आफ्नै देशमा केही गर्छु भनि उद्यम व्यवसाय सुरु गरेको बताउँछन् । आफ्नो जागीर छैन विदेश जान मन मानेन अनि सानोतिनो लगानी लगाएर आफुले जानेको सिप प्रयोग गरि ग्रिल उद्योग सञ्चालन गरेको बताउँछन् जाजरकोटबाट वीरेन्द्रनगर १ मा बसाइसरी आएका लाल बहादुर नेपाली ।

## ५.६ भौतिक सुविधा

भौतिक सुविधा भन्नाले मानिसका आधारमूत आवश्यकता पूरा गर्नका लागी आवश्यक आधुनिक सुविधालाई बुझिन्छ, जस्तै टि.भी., एल.पि. ग्याँस, मोटरसाइकल, मोवाईल, फ्रीज र रेडियो आदी । यि साधनहरुले मानिसको सामाजिक-आर्थिक अवस्थालाई बताउने भएकाले यसलाई पनि महत्वपूर्ण पक्षका रुपमा लिइएको छ । यस क्षेत्रका मानिसहरु उद्यमशिलतमा संलग्न भैसके पछि उनिहरुको भौतिक अवस्था कस्तो छ, तपाँईको घरमा के-के सुविधा छन् ? भनि प्रश्न गरिएको छ । यहाँका उद्यम व्यवसायीहरुको घरमा भएका सुविधालाई निम्नानुसार उल्लेख गरिएको छ ।

**तालिका १४ : उत्तरदाताको भौतिक सुविधाको अवस्था**

| क्र.सं. | भौतिक सुविधा | सङ्ख्या | प्रतिशत |
|---|---|---|---|
| १. | रेडियो | ८ | २.४० |
| २. | फ्रिज | १० | ३.०१ |
| ३. | मोटरसाइकल | ५० | १५.०५ |
| ४. | एल.पि. ग्याँस | ९८ | २९.५१ |
| ५. | टेलिफोन | १२ | ३.६१ |
| ६. | साइकल | ६ | १.९० |
| ७. | मोबाइल | ९१ | २७.४० |
| ८. | ल्यापटप/कम्प्यूटर | २६ | ७.८३ |
| ९. | स्कुटर | १७ | ५.१२ |
| १०. | टि.भी. | १४ | ४.२१ |

*स्रोत : स्थलगत सर्वेक्षण, २०८०*

नेपालको राष्ट्रिय जनगणना २०७८ अनुसार रेडियो, टेलिभिजन, केबल टेलिभिजन, कम्प्यूटर, इन्टरनेट, टेलिफाने, मोबाईल फोन, मोटर, मोटरसाइकल, साइकल र अन्य सवारी साधन र रेफ्रिजेरेटर, एल.पि. ग्याँस भएका परिवारका सँख्या मध्ये कम्तिमा एक किसिमको सुविधा उपलब्ध भएका उद्यमी परिवार कुल उद्यमी परिवारको ८६.५६ प्रतिशत रहेको छ। मोबाईल प्रयोग गर्ने ७३ प्रतिशत प्रयोगकर्ताहरु रहेका छन् । एल.पि. ग्याँसको प्रयोग गर्ने मानिसहरुको सङ्ख्या ३१.०३ प्रतिशत रहेको छ। बिजुलि बत्तिको प्रयोग गर्ने मानिसहरुको सङ्ख्या ८०.२६ प्रतिशत रहेको छ।

यस अध्ययन क्षेत्रमा भने सबै उद्यमीहरुको घरमा एल.पि. ग्याँस र मोवाइल वा स्मार्टफोन पाइयो । राष्ट्रिय तथ्याङ्कमा भन्दा फरक अवस्था यस अध्ययन क्षेत्रमा देखिन्छ । इन्टरनेट र मोवाइल प्रयोग गर्ने मानिसहरु करिब ९८ प्रतिशत भन्दा बढी देखिन्छ । ल्यापटप र कम्प्यूटर प्रयोग गर्ने उद्यमीहरुको प्रतिशत तुलनात्मक रुपमा कम देखिन्छ । व्यापार व्यवसाय तथा कृषिमा सबै किसीमका व्यवसायीहरुले मोवाइल र ग्याँस अनिवार्य प्रयोग गरेको देखिन्छ । मानिसहरुको घरमा ल्यापटप प्रयोग गर्ने परिवारका सदस्य मासिक

आम्दानी ३० हजार भन्दा बढी भएका व्यवसायीहरु रहेका छन् । स्कुटर प्रयोग गर्ने ५ प्रतिशत मानिसहरु रहेका छन् । मोटरसाइकल प्रयोग गर्ने २० प्रतिशत मानिसहरु रहेका छन् भने कार प्रयोग गर्ने मानिसहरु १ प्रतिशत मात्र रहेका छन् । यो अध्ययन उद्यमशिलता र उद्यमी परिवारहरुसँग सम्बन्धित भएकाले भौतिक सुविधाको अवस्था उनीहरुको मासिक आम्दानीको आधारमा भएको देखिन्छ ।

## ५.६ उद्यमशिलतालाई प्रभाव पार्ने तत्वहरु

उद्यमशिलतालाई प्रभाव पार्ने विभिन्न तत्वहरु हुन्छन् । जुन निम्नानुसार रहेका छन् ।

**तालिका १५ : उद्यमशिलतालाई प्रभाव पार्ने तत्वहरु**

| **आन्तरिक तत्वहरु** | **वाह्य तत्वहरु** |
|---|---|
| १. शिक्षा (अनुभव) | १.मुनाफा |
| २.सिर्जनशिलता | २. सरकारी सहयोग |
| ३. आत्मनिर्भर | ३. स्रोत साधनको उपलब्धता |
| ४. सम्मान | ४. माग |
| ५. उत्सुकता | ५. ठुला व्यवसायीहरुबाट प्रोत्साहन |
| ६. उत्सुक्ता | ६. उपलब्धी, स्वतन्त्रता तथा पहिचान |

यसका अलावा पैसा, रोलमोडल, पेशेवर, सहयोगी सञ्जाल आदी विभिन्न तत्वहरुले पनि उद्यमशिलतालाई प्रभाव पारेका हुन्छन् । माथी उल्लेख गरिएका सम्पूर्ण तत्वहरु एक व्यक्ति सफल उद्यम व्यवसायी बन्नका लागी अपरिहार्य हुन्छन् । यी विभिन्न तत्वहरुको प्रभावमा परि मानिस उद्यम व्यवसाय गर्न उत्प्रेरित हुन्छ वा भनौं उद्यम व्यवसाय सञ्चालन गर्दछ । यी सम्पूर्ण पक्षहरु बलियो भएमा वा एक उद्यम व्यवसायीमा यी पक्षहरु भएमा व्यक्ति सफल उद्यम व्यवसायी बन्न सफल हुन्छ ।

# अध्याय छ

# सारांश र निष्कर्ष

## ५.१ सारांशं

बसाइसराई एक सामाजिक घटना हो । जुन समाजमा निरन्तर रूपमा घटिरहेको हुन्छ । मानिसहरू आफु बसेको ठाउँमा आधारभुत आवश्यकता पुरा हुन नसकेपछि अन्य सुविधासम्पन्न ठाउँमा बसाइसरि जाने गर्दछन् । एक ठाउँ (उद्गम स्थल) बाट अर्को ठाउँ ( गन्तव्य स्थल) मा स्थायी वा अस्थायी रूपमा बसोबास गर्ने प्रक्रियालाई बसाइसराई भनिन्छ । यो सामाजिक प्रक्रिया हो । यसको सुरुवात मानव जाती अस्तित्वमा आएदेखि नै भएको पाइन्छ ।

बसाइसराई भनेको मानिसहरू नयाँ क्षेत्र वा देश वाट काम वा नयाँ जिवनस्तर प्राप्त गर्नका लागि गरिने गतिशिलता हो । कुनै पनि व्याक्ती जन्मेको स्थानबाट अर्को स्थानमा जाने प्रक्रिया लाइ बसाइसराई भनिन्छ । मौसमी रूपमा,स्थायी रूपमा, अर्धस्थायी रूपमा, अस्थायी रूपमा मानिसलेबसाइसराइ गर्दछन् । नेपालमा ग्रामीण क्षेत्रबाट सहरी क्षेत्रमा बसाइसराइ गर्नेहरूको संख्या बढी भएकोले मानिसहरू किन बसाई सरिरहेका छन भन्ने तथ्यलाई खोज्ने प्रयास यस अनुसन्धानमा गरिएको हो ।

नेपालमा आन्तरिक रुपमा हुने बसइसराइ खासगरि गाउँबाट सहरतर्फ र हिमाबाट सहर वा तराई तर्फ उन्मुख देखियो । यस्तो किसिमको बसइसराइ जिकोपार्जन र आयआर्जनको लागि हुने गरेको पाइयो ।

सहरमा आम्दानी मुलक कार्यहरु बढी हुनुका साथै उद्यम व्यवसायको लागि पनि धेरै अवसरहरु वा प्रतिकुल वातावरण वा स्थान हुने हनाले आर्थिक समुन्नतिका लागि मानिसल् स्थायी वा अस्थायी बसोवास गर्ने गरि बसइसराइ गरेको पाइयो । उद्यम व्यवसाय संचालनकै लागी हुने गरेको बसइसराइले मानिसको व्यक्तिगत र राष्ट्रिय अर्थतन्त्रलाई समेत टेवा मिलेको छ । नेपालमा अन्य रोजगारीका अवसरहरु कम भएकाले मानिसहरु सानो ठुलो लगानी लगाएर आफ्नै उद्यम व्यवसायतर्फ आकर्षित देखिन्छन् । जसको कारण उनिहरुको व्यक्तिगत तथा पारिवारिक आर्थिक अवस्थामा समेत परिवर्तन आएको छ, भने केहि हदसम्म

राष्ट्रिय आम्दानीमा पनि वृद्धि भएको छ । उद्यमशिलता विकासले देशको आर्थिक अवस्थामा पनि ठुलो टेवा पुऱ्याएको छ । यसरी हेर्दा बसइसराइले उद्यमशिलता विकासमा विशेष प्रभाव पार्दछ भन्ने कुरा स्पस्ट हुन्छ । विरेन्द्रनगर व्यापारिक दृष्टिकोणले पनि उत्तम स्थान भएकाले आगमन बसाइसराइमा बृद्धि भएको छ । एक त कर्णाली प्रदेशको राजधानी  विरेन्द्रनगरमा मानिसहरुको चाप बढि र आफ्नो उत्पादित बस्तुहरुलाइ बजार समक्ष पुऱ्याउनका लागि पनि राम्रो बजार प्रर्वद्धनको  व्यवस्था भएकाले मानिसहरु यहाँ उद्यम व्यावसाय गर्नकै लागि पनि अन्यत्र स्थानबाट यस स्थानमा बसाइसरि आएका छन ।

## ५.२ निष्कर्ष

एक ठाउंबाट अर्को ठाउंमा हुने मानिसहरूको भौगोलिक चाल नै बसाइसराई हो । यतिमात्र नभईनिश्चित समय अवधिमा, निश्चित भौगोलिक वा राजनितिक एकाइबाट अर्को भौगोलिक वा राजनितिक एकाइमा कासस्थान परिवर्तन गरेर हुने मानिसहरूको भौगोलिक चाललाई बसाइसराइ भनिन्छ ।

भने उद्यमशिलता एक यस्तो प्रकृया हो जसलाइ सञ्चालन गर्नको लागी उद्यमिले कुशल योजना बनाएर सुरु गर्नुपर्दछ । कुनै व्यापार व्यवसाय सुरु गर्नु उद्यमशिलता गर्नु हो । यसमा व्यापार व्यवसाय सम्बन्धि सोचाई देखी लिएर दिर्घकालिन रुपमा उद्यमशिलता सञ्चालन गर्ने कुराहरु पर्दछन् । उद्यमशिलता एक यस्तो प्रक्रिया हो जसलाइ नयाँ उद्यमहरुलाइ कुशलतार्पूवक योजना बनाएर संचालन गर्नका लागि उद्यमि तयार हुनुपर्छ ।

बसइसराईका प्रभावहरुमध्ये बसइसराइले आर्थिक क्षेत्रमा पार्ने प्रभाव महत्वपुर्ण मानिन्छ । बसइसराइले आर्थिक क्षेत्रमा पार्ने प्रभाव अन्तर्गत नै उद्यमशिलता पनि पर्दछ । बसइसराइले अँन्य विभिन्न क्षेत्रहरुमा जस्तै उद्यमशिलताको क्षेत्रमा पनि प्रत्यक्ष प्रभाव पार्दछ । बसइसराइले उद्यमशिलता विकास क्षेत्रमा पार्ने प्रभाव भन्नाले बसइसराइबाट मानिसको आर्थिक वा व्यवसायिक गतिविधिमा हुने परिवर्तनलाई बुझ्न सकिन्छ । विरेन्द्रनगरको सन्दर्भमा बसइसराइले मानिसको व्यवसायिक आर्थिक जीवनमा परिवर्तन ल्याएको पाइयो । बसाइसराइ गर्न प्रेरित गर्ने आर्कषक तत्वहरुमध्ये, मुलतः सहरी सुविधा, खेतियोग्य जमिन, व्यापारिक क्षेत्रको सुविधा, यातायातको सुविधा र स्वास्थ्यको सुविधा आदिका कारण मानिसहरु गाउँबाट सहरतर्फ बसाइ सर्ने गरेको पाइयो ।

बसाइसराइ गर्न बाध्य गराउने विकर्षण तत्वहरु मध्ये शहरी सुविधाको अभाव, उच्च शिक्षाको अभाव, यातायातको असुविधा, गरिबी र रोजगारीको अभाव, सशस्त्र द्वन्द आदी रहेको पाइयो । केहि उत्तरदाताले परिवार सबैको सल्लाह र केहिले साथिभाइ सँग सल्लाह गरेर वसाइसराइ गरेको र उद्यमशिलता सुरु गरेको उल्लेख गरेका पाइयो ।बसाइसराइ पछि यहाँका मानिसहरुको आयआर्जनमा विविधता भएको देखियो । पहिले कृषि मात्र पेशाका रुपमा अपनाएका मानिसहरु शहरी क्षेत्रमा आएपछि व्यापारमा संलग्न भएको पाइयो । कृषि कार्य पनि आधुनिक प्रविधी बिउबिजनको प्रयोग गरि आय बढाउने वा व्यापार गर्ने प्रयोजनका लागी गरेको पाइयो ।

व्यवसायिक कुखुरा, गाई, भैंसी, बाखा, बंगुर र बट्टाई पालन पनि गरेको पाइयो । परिवारका प्राय सबै सदस्यहरुले कुनै न कुनै पेशा अपनाएका पाइयो । यो अध्ययन उद्यमशिलता र उद्यमी परिवारहरुसँग पनि सम्बन्धित भएकाले भौतिक सुविधाको अवस्था उनीहरुको मासिक आम्दानीको आधारमा भएको पाइयो । वीरेन्द्रनगर नगरपालिका र यस नगरपालिकाको वडा नं १ मा अन्यत्र स्थानबाट बसाइसराई गरि आएर उद्यम व्यवसाय संचालन गरिरहेका उद्यम व्यवसायीहरुको आर्थिक तथा सामाजिक अवस्था सुधारिएको देखिएको छ ।

# सन्दर्भसुची


Adhikari, J. (2001)."Mobility and Agrarian change in central Nepal*". Contribution to Nepalese Studies Journa*l, 28(2), 8-9.

Antonio, R. J. (2011). Karl Marx. *The Wiley-Blackwell Companion to Major Social Theorists*, *1*, 115-164.

Bhattarai, Raju. (2007). *International migration, multi-local livelihoods human security*: *Perspectives from Europe, Asia and Afric*. Delhi : A paper presented by panel 5 Institute of Social Science.

Birendranagar Municipality office, Surkhet, Nepal,www.munbirendranagar.gov.np/

Blaikie, Piers M, Cameron, John and Seddon, John, D.(1980). *Nepal in crisis: Growth and Stagnation at the periphery*. Delhi: Oxford University Press.

Centre Bureau Statistics. (2013). *Population Monograph of Nepal*. Kathmandu: CBS.

Deshingkar, Priya and Grimm, Sven.(2005). *Internal migration and Development: A Global Perspective.* Geneva: International Organization for Migration.

Fisher JamesF.(1986). Trader: *Economy, Society Culture in North west Nepal*. California: University of California press.

Gautam, T. (1999). Causes and Impact of Migration: A Sociological Study of Emigration from Kandebash, Baglung, Nepal. *Nepal Journal online* (www.nepjol.info).

Gautam, T. (2008). "Migration and the Problem of old Age People in Nepal". Dhaulagari Journal of Sociology and Anthropology. *Nepal Journal online (www.nepjol.info).*

Ghimire, A.(2011). Student Migration. *Nepal Migration Year Book 2010.* Kathmandu: Nepal Institute of Development Studies (NIDS).

Granovetter, M. (1983). The Strength of Vv^ eak Ties: A Network Theory Revisited. *Sociological theory*, *1*, 201-233.

Gurung, H. *Inter Regional Migration in Nepal*. Kathmandu: New Era.

Gurung, Yogendra B.(2008)."Migration from Rural Nepal. A Social Exclusion Framework". A Research Paper which is presented at CEDA research seminar.

Hass, De H. (2008) ."*Migration and Development: A Theoretical perspective*". International Migration Institute. Oxford University. Paper 9.

Janawali, D. (2004). *Rural Urban Interaction: A Geographical perspective*. Kathmandu: Student's Books Publisher and Distributor.

Joshi Ram Prasad.(2012). "*In Migration: Causes and Consequences :A Case Study from Dhangadi, Kailali* ." Unpublished thesis M.A. Sociology Department TU.

K.C, Bal K.(1985).*The Rural to Urban Migration in Nepal*. Occasional Papers in the Humanities and Social Science, Vol. I.

K.C, Bal K.(1991). *Small Town and Rural Human Resource Development to Reduce Migration to Large Cities* (with P.P. Timilsina and P.L. Joshi ), ESCAP, Asian Population Studies Series, No. 110 (New York: United Nations).

K.C, Bal K.(1998). "*Trend Patterns and Implications of Rural to Urban Migration in Nepal* "(CDPS), Kathmandu.

Kanskar, B.V.S.(1984)."*History of Population Migration in Nepal*." Contribution to Nepalese Study Journal. CNAS.

Kharel, P., & Dahal, K. (2020). *Small and medium-sized enterprises in Nepal: Examining constraints on exporting* (No. 1166). ADBI Working Paper Series.

Khatiwada, S., & Samaniego, B. (2014). International migration and development. *World of Work Report*, *2014*(1), 181-202.

Lee, E S. (1966). *A Theory of Migration Demography*. Vol. III

Ministry of Population and Environment, (2013). " *Nepal Population Report* ". Kathmandu: MOPE

Ravenstein, E G. (1885). "The Laws of Migration". *Journal of the Royal Statical Society*.

Regmi, M.C. ([1972]1999). *A study in Nepali Economic History* 1768-1846. Delhi: Adriot Publishers

Ruef, M., & Lounsbury, M. (2007). Introduction: The sociology of entrepreneurship. In *The sociology of entrepreneurship* (pp. 1-29). Emerald Group Publishing Limited.

Sahin-Mencutek, Z., Barthoma, S., Gökalp-Aras, N. E., & Triandafyllidou, A. (2022). A crisis mode in migration governance: comparative and analytical insights. *Comparative migration studies*, *10*(1), 12.

Shane, S., & Venkataraman, S. (2000). The promise of entrepreneurship as a field of research. *Academy of management review*, *25*(1), 217-226.

Singh, M. L. (1998). "Emigration from Nepal: Some Major Issues", *Journal of Population Development* .

Skeldon, R. (1997). *Migration Development: A global perspective*. Essex: Longman

Subedi, B.P.(1991). *International Migration in Nepal: Towards an Analytical Framework*. Contribution to Nepalese Studies, Tribhuvan University: CNAS.

Todaro, M P.(1969). A model of labor migration and urban unemployment in less-development countries. *American Economic Review.*

Weik, E. (2011). Institutional entrepreneurship and agency. *Journal for the theory of social behaviour*, *41*(4), 466-481.

**नेपाली**

विरेन्द्रनगर नगरपालिका (२०७४), *सुर्खेत जिल्लाको गाउँपालीका तथा नगरपालीकाहरुको प्रोफाइल २०७४,* सुर्खेत : विरेन्द्रनगर प्रोफाइल ।

आहती. (२०६७). *नेपालमा वर्ण व्यवस्था र वर्ग संघर्ष.* काठमाडौं : समता फाउण्डेसन ।

नागरिक दैनिक, बुधबार २९ फागुन २०७० ।

अधिकारी निर्मलमणी (२०८०), काठमाडौं विश्वविद्यालय, २०८० । (हेर्ने कथा, भाग-१०९, असफलताको कथा ।

“नेपाल स्तरिय पेशा वर्गिकरण -२०५६” केन्द्रिय तथ्याङ्क विभाग, काठमाडौं : के.त.वि.

धिताल, जमुना. (२०७१). आन्तरिक बसाइसराइका कारण र प्रभाव : “विदुर नगरपालीकामा बसाइसराई” शोधपत्र, त्रि.वि. ।

# अनुसूची

## अन्तवार्तामा सोधिने प्रश्नहरू

शीर्षक : आन्तरिक बसाइसराइले उधमशिलतामा पारेको प्रभाव

स्थान :

१. उत्तरदाताको व्यक्तिगत विवरण

(क) नाम........................... (ख) उमेर ...........................

(ग) लिङ्ग ......................... (घ) शिक्षा ...........................

(ङ) धर्म .............................

२. के तपाईको आफ्नै घर?

(क) छ()(ख) छैन()

३. यदि छ भने कस्तो छ ?

(क) पक्की()(ख) कच्ची ()

४. तपाईले कुनै पेशा अपनाउनुभएको छ ?

(क) मुख्य .......................... (ख) सहायक .............................

### खण्ड क

१. तपाई स्थानिय हो वा बसाई सरेर आउनुभएको हो ?

(क) स्थानिय()(ख) बसाइसराई गरेर आएको()

२. बसाइसरेर आउनुभएको भए कहाँबाट आउनु भयो ?

...................................................................

३. तपाई पहिलोपटक बसाइसर्र आउनुभएको हो ?

(क) हो()(ख) होइन ()

४. तपाई यहाँ बसाइसराई गरेर आउनुभएको कति वर्ष भयो ?

................................................

५. तपाइले विरेन्द्रनगर नगरपालिकाको बारेमा को बाट जानकारी पाउनुभयो ?

(क) साथीभाई()(ख) रेडियो टि.भी()

(ग) आफन्त()(घ)आफैँ()

६. तपाईले बसाइसर्नु अघि तलका कुनकुन सुविधा लिनुभएको थियो ?

(क) स्कुल()(ख)उच्च शिक्षा()

(ग) स्वास्थ्य सुविधा() (घ)संचार()

(ङ) यातायात()(च)खानेपानिको सुविधा()

७. तपाई कहाँ हाल तलका मध्ये कुनकुन सुविधा छन् ?

(क) रेडियो()(ख) टि भी()(ग) फ्रिज()

(घ) मोटरसाइकल()(ङ) एल पी ग्यास()(च) टेलिफोन ()

(छ) साइकल()(ज)मोबाइल()(झ) गाडी()

(ञ) अन्य भए................................

८. तपाइले किन आफ्नो गाँउ छोड्नुभयो ?

......................................................

९ं तपाई किन यस नगरपलिकामा आउनुभयो ?

.........................................

**खण्ड ख**

**आर्थिक क्षेत्र**

१. तपाईको बसाई सर्नु अघिको आम्दानीको श्रोत के थियो ?

....................................................................

२. हाल तपाईको आम्दानीको श्रोत के हो ?

....................................................

३. बसाई सर्नु अघि तपाईको आम्दानी कति थियो ?

रु...............

४. ती रकम कहाँ खर्च गर्नुहुन्थ्यो ?

...............................................................................................

५. हाल तपाईको मासिक आम्दानी कति छ ?

रु ............

६. हाल तपाईँले आम्दानी कहाँ खर्च गर्न?

.................................................................................................

७. तपाइँको बसाई सर्नु अघिको पेशा के थियो ?

(क) कृषि() (ख) व्यापार() (ग) पुरेत्याँइ()

(घ)घरपरिवारको काम()(ङ) विद्यार्थी() (च) बेरोजगारी ()

(छ) ज्यालादारी श्रम() (ज) बैदेशिक रोजगारी() (झ) अन्य ........

८. हाल तपाईंको पेशा के हो ?

(क) कृषि()(ख) व्यापार() (ग) पुरेत्याँइ()

(घ)घरपरिवारको काम()(ङ) विद्यार्थी() (च) बेरोजगारी ()

(छ) ज्यालादारी श्रम()(ज) बैदेशिक रोजगारी()(झ) अन्य ........

९. हाल कहिलेदेखि यस पेशामा संलग्न हुनुहुन्छ ?

...............................................................

१०. तपाइँको पहिले जग्गा जमिन थियो कि थिएन ?

(क) थियो() (ख) थिएन()

(अ) तपाइँको पहिले जग्गा जमिन थियो भने कति थियो ?

(क) रोपनी............. (ख) कठ्ठा ............ (ग) आना .................

(घ) धुर ................ (ङ) बिघाहा ...............

(आ) तपाइँको हाले जग्गा जमिन छ कि छैन ?

(क) छ()(ख) छैन()

(इ) छ भने कति जग्गा छ ?

(क) रोपनी............. (ख) कठ्ठा ............ (ग) आना .................

(घ) धुर ................(ङ) बिघाहा ...............

(ई) यदि जग्गा जमिन छैन भने कसरी जिवनयापन गर्नु भएको छ ?

(क) ज्याला मजदुरी गरेर() (ख) ब्याबसाय संचालन गरेर()

(ग) जमिन ठेक्कामा लिएर()

(उ) हाल तपाइँको कुन प्रकारको ब्याबसाय रहेको छ ?

(क) तरकारि फर्म ()(ख) पसुपंक्षी पालन() (ग) ग्रील उद्योग()

(घ) अन्य ( )

११. पशुपंक्षी ब्याबसायमा के को पालन गर्नुहुन्छ ?

(क) कुखुरा () (ख) बट्टाइ() (ग)बंगुर () (घ) अन्य ()

(अ) तरकारी अन्तर्गत केके उत्पादन गर्नुहुन्छ ?

(क) आलु()(ख) काउली() (ग) सिमी बोडी()

(घ) सागपात()

(आ) उत्पादित खाद्यान्नले खान पुग्छ कि पुग्दैन ?

(क) पुग्छ()(ख) पुग्दैन()

१२. यदि खान पुग्छ भने कति समय खान पुग्छ ?

..............................................................

१३. घरको लागि मात्र उत्पादन गर्नुहुन्छ कि बेच्नको लागि उत्पादन गर्नुहुन्छ ?

......................................................................

१४. यदि बेच्नको लागि हो बार्षिक आम्दानी कति गर्नुहुन्छ ?

रु ..............................................

१५. तपाइ आफ्नो उत्पादित सामाग्री वस्तु आफै बेच्नुहुन्छ कि अन्यत्र बाहिर पठाउनुहुन्छ?

(क) आफै बेच्छु ( ) (ख) बाहिर पठाउछु ( )

१६. अन्यत्र बाहिर पठाउनु हुन्छ भने कुन ठाँउमा पठाउनुहुन्छ ?

(क) स्वदेशी बजार ( ) (ख) स्थानिय ब्यापारीक क्षेत्र ( )

(ग)अर्न्तराष्टीय बजार ( )